
चैत – २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

| वर्ष २३, अङ्क २४ | २०७१, चैत १६–३० | पूर्णाङ्क ५४६ |
|---|---|---|



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य**
**सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री टीकाबहादुर खड्का
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | २ |
| संयुक्त इजलास | १२ |
| इजलास नं. १ | १५ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | ८ |
| इजलास नं. ५ | १२ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | ५ |
| इजलास नं. ८ | ४ |
| एकल इजलास | २ |
| पूर्ण इजलासमा पेस हुने | १ |
| अन्तरिम आदेश | १ |
| रीत/बेरीत आदेश | १ |
| जम्मा | ७३ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, चैत – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

# १६६०—०१—३३३—५५

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

---

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-२** |
| १. | उत्प्रेषण/ परमादेश | विकल्प राजभण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण/ परमादेश | उदयराज पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **३-१२** |
| ३. | निर्णय दर्ता बदर हक कायम | सेमन्तराज चापागाईंसमेत वि. मुकुन्द महर्जनसमेत | |
| ४. | निषेधाज्ञा | अमरकृष्ण महर्जनसमेत वि. धर्म भन्ने धन महर्जनसमेत | |
| ५. | निषेधाज्ञा | अमरकृष्ण महर्जनसमेत वि. लक्ष्मी जोशीसमेत | |
| ६. | वैदेशिक रोजगार ठगी | ग्याल्साङ तामाङ वि. नेपाल सरकार | |
| ७. | निर्णय बदर हक कायम | बालकृष्ण श्रेष्ठ वि. श्यामकृष्ण श्रेष्ठ | |
| ८. | घर भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ | गायत्रीदेवी कुर्मी वि. सकुल भन्ने मोहन चमारसमेत | |
| ९. | सार्वजनिक बाटोमा भएको पर्खालले हानि नोक्सानी पुर्‍याएको | बेबी शाहसमेत वि. प्रभा जि.सी. | |
| १०. | मोही नामसारी | गोविन्दहरि अमात्य वि. शिवनारायण चौधरी | |
| ११. | सवारी ज्यान | नेपाल सरकार वि. नरेन्द्र कुँवर | |
| **इजलास नं. १** | | | **१२-२३** |
| १२. | उत्प्रेषण/ परमादेश | अधिवक्ता विजयकुमार बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १३. | उत्प्रेषण/ परमादेश | नेगबहादुर भण्डारी वि. जिल्ला प्रहरी कार्यालय, बाँके नेपालगन्जसमेत | |
| १४. | उत्प्रेषण/ परमादेश | रघुनाथ यादव वि. श्री निम्न माध्यमिक विद्यालय, पर्सासमेत | |
| १५. | गाली बेइज्जती | राजेन्द्रप्रसाद साह वि. बिभा ठाकुर | |
| १६. | बहुविवाह | नेपाल सरकार वि. चिरञ्जीवि पौडेलसमेत | |
| १७. | उत्प्रेषण/ परमादेश | प्रजापति दाहाल वि. राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर काठमाडौंसमेत | |
| १८. | उत्प्रेषण/ परमादेश | हरिबहादुर भट्टराई वि. स्थानीय विकास मन्त्रालय, पुल्चोक ललितपुरसमेत | |
| १९. | परमादेश | श्यामसुन्दर गुप्ता वि. अध्यक्ष सुभाषचन्द्र नेम्वाङ, संविधानसभा /व्यवस्थापिका संसदको सचिवालयसमेत | |
| २०. | निषेधाज्ञा | दिनेश सिंहसमेत वि. मेही ठाकुर लोहार | |
| २१. | अवैध निर्माण भत्काई खिचोला मेटाई चलन चलाईपाउँ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसमेत वि. अरविन्दप्रसाद उपाध्याय | |
| २२. | निषेधाज्ञा | सत्यनारायण यादवसमेत वि. भेजनारायण यादव | |
| २३. | अंश छोडपत्र बमोजिम अंश हक कायम गरी दर्ता चलनसमेत | सत्यदेवप्रसाद गोलदार वि. श्याम बिहारीप्रसाद गोलदारसमेत | |

| | | |
|---|---|---|
| **इजलास नं. २** | | **२४-२५** |
| २४. | भ्रष्टाचार | माणिकलाल बस्नेत वि. नेपाल सरकार |
| २५. | कर्तव्य ज्यान | भाग्यनारायण राउत वि. नेपाल सरकार |
| २६. | उत्प्रेषण | रामएकवाल यादव वि. नेपाल विद्युत प्राधिकरण |
| **इजलास नं. ३** | | **२६-२८** |
| २७. | अंश चलन | निर्मलादेवी मेहता वि. ममताकुमारी मेहतासमेत |
| २८. | उत्प्रेषण | कृष्ण कोइराला वि. जनकपुर चुरोट कारखाना लिमिटेडको सञ्चालक समितिसमेत |
| २९. | उत्प्रेषण | सीतादेवी श्रेष्ठ वि. मृदुला श्रेष्ठसमेत |
| ३०. | उत्प्रेषण | चिरीकाजी शाक्य वि. देवमुनि शाक्यसमेत |
| **इजलास नं. ४** | | **२८-३०** |
| ३१. | कर्तव्य ज्यान | भिख्खु थारू वि. नेपाल सरकार |
| ३२. | बन्दी प्रत्यक्षीकरण | श्यामकुमार राजकार वि. कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंसमेत |
| ३३. | अंश | सन्तराम कुर्मी वि. राजकुमार कुर्मी |
| ३४. | जबर्जस्ती करणी उद्योग | मानसिंह कार्की वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **३०-३६** |
| ३५. | डाँका चोरी | नेपाल सरकार वि. लालबहादुर चन्द |
| ३६. | बहुविवाह | नेपाल सरकार वि. राजु गुरूङ |
| ३७. | कर्तव्य ज्यान | नरेश श्रेष्ठ वि. नेपाल सरकार |
| ३८. | बन्दी प्रत्यक्षीकरण | बलबहादुर वि.क. वि. कारागार कार्यालय, जगन्नाथदेवल त्रिपुरेश्वर काठमाडौंसमेत |
| ३९. | निषेधाज्ञा | विजय सागर तुलाधर वि. गङ्गाराम खड्गी |
| ४०. | उत्प्रेषण/ परमादेश | पुरनबहादुर ऐर वि. श्री वैदेशिक रोजगार न्यायाधिकरण, घट्टेकुलो काठमाडौं |

| | | |
|---|---|---|
| **इजलास नं. ६** | | **३६-३८** |
| ४१. | जबर्जस्ती करणी | भक्तबहादुर कटुवाल वि. नेपाल सरकार |
| ४२. | कर्तव्य ज्यान | एनस भन्ने प्रकाश राई वि. नेपाल सरकार |
| ४३. | अंश दर्ता | हरिवंश इसरसमेत वि. सुवि इसर राजधोवको मु.स. गर्ने फुलियादेवी इसरसमेत |
| **इजलास नं. ७** | | **३८-४१** |
| ४४. | राजीनामा लिखत बदर | रामलखन कुर्मीको मु.स. गर्ने कैलासी कुर्मी वि. रामउग्रह कुर्मीसमेत |
| ४५. | जबर्जस्ती करणी | नेपाल सरकार वि. यादवप्रसाद घिमिरे |
| ४६. | भोग बन्धकी मोही लगत कट्टा | प्रियङ्का जयसवाल वि. रामजी चौधरी |
| **इजलास नं. ८** | | **४१-४२** |
| ४७. | अंश चलन | ताराकुमार मोहतेसमेत वि. कर्णबहादुर मोहतेसमेत |
| ४८. | अंश चलन | बिबि खैरूल मियाइनीसमेत वि. मैमुल मियाइनीसमेत |
| **एकल इजलास** | | **४३-४४** |
| ४९. | उत्प्रेषण/ परमादेश | रामानन्द यादव वि. कृषि विकास मन्त्रालयसमेत |
| ५०. | उत्प्रेषण/ परमादेश | इन्द्रसेन अग्रवालसमेत वि. कृष्णप्रसाद शर्मासमेत |
| **पूर्ण इजलासमा पेस हुने** | | **४४-४५** |
| ५१. | उत्प्रेषण/ परमादेश | पुरूषोत्तमराज जोशी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत |
| **अन्तरिम आदेश** | | **४६** |
| ५२. | उत्प्रेषण | पुरूषोत्तम लाल सङ्घाई वि. जिल्ला विकास समितिको कार्यालय, दाङसमेत |
| **रीत/बेरीत आदेश** | | **४६** |
| ५३. | निषेधाज्ञा | सीताराम तिमिल्सिना वि. किरण जोशीसमेत |

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WS-००३५, उत्प्रेषण/परमादेश, *काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ९ स्थित ल स्टुडेन्ट सोसाइटी, काठमाडौंको अख्तियारी प्राप्त ऐ. संस्थाका सदस्य विकल्प राजभण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

राज्यद्वारा आफ्नो नीतिगत व्यवस्थाअन्तर्गत बनाइएको कानूनले समाजको परम्परा, रीतिरिवाज, संस्कृति र व्यवहारलाई पनि ध्यान राख्ने हुँदा राज्यले समाजका कस्ता प्रकारका परम्परा, रीतिरिवाज, संस्कृति र व्यवहारलाई कानूनी व्यवस्थामार्फत मान्यता दिने र कस्तालाई नदिने भन्ने कुरा राज्यको नीतिगत विषयभित्र पर्ने कुरा हो। कानूनमा निहित त्यस्ता प्रकारका नीतिगत प्रश्नको औचित्यमा अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गरी न्यायिक पुनरावलोकनको रोहबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा पशु बधशाला र मासु जाँच ऐन, २०५५ को दफा १६ को व्यवस्था संविधानसँग बाझिएको नदेखिएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

इति संवत् २०७० साल माघ २० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WS-००२८, उत्प्रेषण/परमादेश, *उदयराज पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

आफू कार्यरत रहेको तालुक मन्त्रालय, विभाग वा सो मातहतका कार्यालयबाट आफ्नो कार्य प्रकृतिभन्दा छुट्टै कार्य प्रकृति भएको अन्य निकायमा सरूवा हुनको लागि निज कर्मचारी कार्यरत रहेको मन्त्रालय, विभाग वा कार्यालयलाई सरूवा गर्ने अधिकार नभएको र सो अधिकार केवल सामान्य प्रशासन मन्त्रालयलाई मात्र प्राप्त हुँदा उक्त मन्त्रालयले सरूवा नीति व्यवस्थापन गर्नको लागि निजामती सेवा नियमावली, २०५० को नियम ३६ (१५) ले दिएको अधिकार प्रयोग गरी सरूवा पदस्थापन तथा काजसम्बन्धी मापदण्ड, २०६९, बनाई सोबमोजिम कर्मचारी सरूवा गर्ने लिएको प्रशासनिक नीतिगत व्यवस्थालाई अन्यथा भन्न मिल्ने नदेखिने।

कुनै पनि कानूनी हक एवम् संविधानप्रदत्त हकमा अनुचित बन्देज लगाएको अवस्था नहुँदा सरूवा पदस्थापन तथा काजसम्बन्धी मापदण्ड, २०६९ को दफा ३ र सोको अनुसूची ३, दफा ४ को उपदफाहरू (२), (३) र (४) एवम् दफा ९ मा भएका व्यवस्थाहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१), १८(१) र ३०(१), निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (१) र (३), निजामती सेवा नियमावली, २०५० को उपनियम ३६(१५), ३९ र अनुसूची १६ सँग बाझिएको नदेखिएकाले

निवेदकले बदर माग गरेको सरूवा पदस्थापन तथा काजसम्बन्धी मापदण्ड, २०६९ का उपरोक्त प्रावधानहरू बदर गरिरहन नपर्ने।

सरूवा पदस्थापन तथा काजसम्बन्धी मापदण्ड, २०६९ को अनुसूची ३ को खण्ड (ख) मा राजपत्रअनङ्कित र श्रेणीविहीन कर्मचारीहरूको सरूवा प्रयोजनार्थ समूहकृत कार्यालयहरूमा "क" समूहअन्तर्गत लुम्बिनी अञ्चलदेखि पूर्वका यातायात व्यवस्था कार्यालयहरू (यातायात व्यवस्था कार्यालय गण्डकीसमेत) परेको र सोही मापदण्डको दफा ४(२) मा "क" समूहको कार्यालयमा एक पटक वा पटकपटक (काज वा फाजिलमा कार्यरत अवधिसमेत) गरी २ वर्ष वा सोभन्दा बढी अवधि बसी अन्यत्र सरूवा भएको कर्मचारीलाई सोही पदमा कम्तीमा ५ वर्षसम्म सोही समूहको कार्यालयमा सरूवा गरिने छैन भन्ने व्यवस्था भएबमोजिम रिट निवेदक मिति २०६३।५।२५ मा यातायात व्यवस्था कार्यालय, नारायणीमा सरूवा भई "क" समूहको कार्यालयमा २ वर्ष बसिसकेपश्चात् मिति २०६५।१०।१५ मा नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, वीरगन्जबाट निर्वाचन आयोगमा सरूवा भएकोमा उक्त आयोगबाट नारायणी यातायात व्यवस्था कार्यालयमा मिति २०६९।४।३२ मा सरूवा गर्दा उक्त मापदण्डबमोजिम सेवा अवधि नपुगेको कारणबाट उक्त मापदण्डबमोजिम ५ वर्ष सेवा अवधि नपुग्दै "क" समूहबाट पुनः "क" समूहकै कार्यालयमा सरूवा भएकाले रिट निवेदकको उक्त सरूवा रद्द गर्ने गरी मन्त्रिपरिषद्बाट मिति २०६९।५।२८ मा र सामान्य प्रशासन मन्त्रालयबाट मिति २०६९।६।२ मा भएको निर्णय कानूनविपरीत नदेखिएबाट उक्त सरूवा निर्णय बदर गरिपाउँ भन्ने निवेदन जिकिर कानूनसम्मत देखिन नआउने।

निवेदकले बदर माग गरेको सरूवा पदस्थापन तथा काजसम्बन्धी मापदण्ड, २०६९ को दफा ३ र सोको अनुसूची ३, दफा ४ को उपदफाहरू (२), (३) र (४) एवम् दफा ९ मा भएका व्यवस्थाहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१), १८(१) र ३०(१), निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (१) र (३), निजामती सेवा नियमावली, २०५० को नियम ३६(१५), ३९ र अनुसूची १६ सँग बाझिएको नदेखिएको र मिति २०६९।४।३२ मा भएको सरूवा रद्द गर्ने गरी सामान्य प्रशासन मन्त्रालयबाट मिति २०६९।६।२ मा भएको निर्णय सेवा समूहसँग सम्बन्धित कानून र सरूवा व्यवस्थापन तथा काजसम्बन्धी मापदण्डमा व्यवस्थित प्रावधानविपरीत नदेखिएबाट सरूवा पदस्थापन तथा काजसम्बन्धी मापदण्ड, २०६९ अमान्य घोषित गरिपाउँ भन्ने तथा मन्त्रिपरिषद्को मिति २०६९।५।२८ र सामान्य प्रशासन मन्त्रालयको मिति २०६९।६।२ को निर्णय बदर गरिपाउँ भन्ने निवेदन दावी कानून एवम् संविधानसम्मत नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर सेटिङ: विकेश गुरागाईं

इति संवत् २०७१ साल कात्तिक १३ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०६३-CI-०७०८, निर्णय दर्ता बदर हक कायम, *गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार, काठमाडौंका तर्फबाट सेमन्तराज चापागाईंसमेत वि. मुकुन्द महर्जनसमेत*

कि.नं. २६, २७ र १८८ को जग्गा प्रत्यर्थी वादीहरूको निजी गुठीको भएको भन्ने प्रमाणबाट पुष्टि भएकाले राजगुठीमा दर्ता गर्ने निर्णय बदर गरी निजी गुठीमा दर्ता हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब देखिने।

विवादित जग्गाहरू मिति २०००।१।१९ गते पारित भएको कागजअनुसारको हरिसिद्धि मुर्दा गुठी नै रहेको भन्ने कुरा पुष्टि भएको समेत देखिनाले सम्बन्धित प्रमाणहरूको मूल्याङ्कन गरी दावीबमोजिम विवादित जग्गाहरूलाई राजगुठी कायम गरेको ललितपुर जिल्ला अदालतको मिति २०६०।५।२४ को फैसलालाई उल्टी गरी सो जग्गाहरूलाई हरिसिद्धि मुर्दा गुठी भनी निजी गुठी ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६३।१।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

संवत् २०७१ साल कात्तिक ११ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गोपाल पराजुली,** ०६७-CI-१३२५, निषेधाज्ञा, *अमरकृष्ण महर्जनसमेत वि. धर्म भन्ने धन महर्जनसमेत*

शान्ति सुरक्षा कायम राख्नु प्रहरीको प्राथमिक कर्तव्य र दायित्व भएकाले शान्ति सुरक्षा कायम राख्नका लागि विवाद गर्ने पक्षहरूलाई प्रहरी कार्यालयमा बोलाई छलफल गराउने कार्यलाई प्रहरीको कर्तव्य र दायित्वभित्रको कार्य मान्नुपर्ने हुँदा निवेदकले त्यसरी निवेदन दिएपछि शान्ति सुरक्षा कायम राख्ने प्रयोजनका लागि के कसो भएको भनी छलफल गराउने क्रियालाई कानूनविपरीतको क्रिया भन्न नमिल्ने।

विपक्षी प्रहरीको लिखित जवाफसमेतबाट निवेदकलाई प्रहरीले पक्राउ गरी थुनामा राख्ने, यातना दिने, जबर्जस्ती कागज गराउनेलगायतका गैरकानूनी कार्य गरिएको छैन भन्ने व्यहोरा उल्लेख भएको परिप्रेक्ष्यमा निवेदकहरूलाई प्रहरी कार्यालयमा बोलाई छलफलसम्म गराएको कार्यले निवेदकको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हकमा आघात पार्ने आशङ्का विद्यमान रहेको देखिन नआउने हुँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।३।९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गोपाल पराजुली,** ०६८-CI-१३५५,

निषेधाज्ञा, *अमरकृष्ण महर्जनसमेत वि. लक्ष्मी जोशीसमेत*

विवादित जग्गाका सम्बन्धमा निर्णय दर्ता बदर सार्वजनिक हक कायम फैसला बदरसमेतका चार थान मुद्दा काठमाडौं जिल्ला अदालतमा दिएको कुरा निवेदकले निवेदनको प्रकरण नं. (३) मा उल्लेख गरेको देखिन्छ । निषेधाज्ञाको आदेश जारी हुनका लागि विवादित सम्पत्तिमा निवेदकको निर्विवाद हक छ भन्ने कुरा निवेदकले पुष्टि गर्न सक्नुपर्दछ । तर विवादित जग्गाका सम्बन्धमा यिनै निवेदकले यिनै विपक्षी धन भन्ने धर्म महर्जनसमेतउपर काठमाडौं जिल्ला अदालतमा निर्णय दर्ता बदर हक कायम दर्ता बदरसमेतका मुद्दा दिएकोमा ती मुद्दाहरू हाल कारवाहीयुक्त अवस्थामा रहेको स्थितिमा उक्त विवादित जग्गाहरूमा निवेदकको निर्विवाद हक स्थापित भइसकेको देखिन आएन । त्यसमा पनि निवेदक र विपक्षीहरूबीच काठमाडौं जिल्ला अदालतमा चलेका उक्त मुद्दाबाट नै विवादित जग्गाहरू सार्वजनिक कायम हुने हो होइन भन्ने कुराको निरूपण हुने नै हुँदा प्रस्तुत निवेदनको रोहबाट हाललाई निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने नदेखिँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।७।१६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-CR-००६१, वैदेशिक रोजगार ठगी, *ग्याल्साङ तामाङ वि. नेपाल सरकार*

वैदेशिक रोजगारका लागि आफ्ना नागरिकलाई कुनकुन मुलुकमा निषेध गर्ने र कुनकुन मुलुकमा वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति दिने भन्ने कुरा नेपाल सरकारले तोक्ने विषय हो । अभियोगपत्र हेर्दा यी प्रतिवादीले जाहेरवालीसमेतलाई वैदेशिक रोजगारको लागि तुर्किस्तान पठाउन भिसा लगाएको देखिन्छ । प्रतिवादीले तुर्किस्तानको भिसा लगाएको भन्ने कुरालाई बयानमा स्वीकार नै गरेको हुँदा त्यसतर्फ थप विवेचना गरिरहन परेन । वैदेशिक रोजगार व्यवसायलाई थप व्यवस्थित बनाउन व्यवसाय सञ्चालन गर्नको लागि सम्बन्धितले इजाजतपत्र लिनुपर्ने हुन्छ । त्यो कानूनले नै निर्देश गरेको व्यवस्था हो । कानूनमा भएको व्यवस्थाविपरीत गरे भएका कार्यले कानूनी मान्यता पाउन नसक्ने ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० को व्यवस्था हेर्दा कसैले पनि इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने देखिँदैन । यस मुद्दामा प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्रसमेत लिएको नदेखिँदा निजको उपरोक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० को विपरीत देखिँदा प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन इजाजतपत्र नै नलिई

जाहेरवालीसमेतलाई वैदेशिक रोजगारको लागि निषेधित मुलुक तुर्किस्तान पठाई दिने गरी भिसा लगाई जनही रू.९०,०००।-, रू.९०,०००।– हजारका दरले जम्मा रू.१,८०,०००।– (एक लाख असी हजार रकम लिएको र सो रकमसमेत तिर्ने बुझाउने गरी कागजसमेत गरेको देखिएकोमा सो कागजको विवादित हस्ताक्षर र प्रतिवादीको नमुना हस्ताक्षरमा समानता पाइएको भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारबाट लेखी आएबाट सो कागज प्रतिवादीले नै गरेको तथ्य समर्थित हुन आएको देखिँदा प्रतिवादीलाई तीन वर्ष कैद सजाय, तीन लाख रूपैयाँ जरिवाना हुने ठहर्‍याई जाहेरवाली टासी वाङमु शेर्पासमेतले प्रतिवादीले बुझी लिएको रू.१,८०,०००।–सोको ५० प्रतिशत हर्जानाबापत हुने रू.९०,०००।– जम्मा रू.२,७०,०००।– (दुई लाख सत्तरी हजार) र निवेदिका (जाहेरवाली) समेत दुईजना दुबई पुगी फर्की आएका भन्ने कुरा प्रतिवादीको बयानबाट देखिँदा जनही रू.५०,०००।– का दरले रू. १,००,०००।– (एकलाख रूपैयाँ) आतेजाते खर्चसमेत प्रतिवादीबाट भराई पाउने ठहर्‍याई भएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०६८।२।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल असोज २७ गते रोज २ शुभम्।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०११४, निर्णय बदर हक कायम, *बालकृष्ण श्रेष्ठ वि. श्यामकृष्ण श्रेष्ठ*

पुनरावेदक/वादी बालकृष्ण श्रेष्ठ र प्रत्यर्थी/प्रतिवादी श्यामकृष्ण श्रेष्ठसमेतका बीच निजहरूका बाबु श्यामलाल श्रेष्ठ जीवित रहेकै अवस्थामा मिति २०५४।१०।८ मा मालपोत कार्यालय, कलङ्की काठमाडौंबाट अंशबन्डाको लिखत पारित भएको कुरामा विवाद छैन । उक्त अंशबन्डाको लिखतमा यी पुनरावेदक/वादीका अंश भागमा बाबु श्यामलाल श्रेष्ठका नाउँ दर्ताको "का.जि.टङ्केश्वर, ताहाचल गा.पं. वडा नं.६ हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१३ कि.नं.३ को ०-२-२-० जग्गा र सो जग्गामा बनेको घर जग्गामध्येबाट पूर्व श्यामकृष्ण श्रेष्ठको भागको घरजग्गा, पश्चिम कालिन्दी बाबा जोशीको कि.नं.२ को घरजग्गा, उत्तर छाउनी म्युजियम जाने मूल सडक, दक्षिण कालिन्दीबाबाको जग्गा र गोरेटो बाटो यति चार किल्लाभित्रको उत्तर दक्षिण लम्बाई २६ फिट २ इन्च, पूर्व पश्चिम चौडाई २१ फिटबमोजिमको क्षेत्रफल भएको घरजग्गा र सो घरले चर्चेको लिग लगापातसमेतको हक हिस्सा" भन्ने उल्लेख भएको देखिन्छ तर उक्त कि.नं.२ को मोहियानीबापत प्राप्त भएको भनिएको जग्गा निज वादीको अंश भागमा परेको भन्ने कुरा उक्त बन्डापत्रमा कहिँ कतै उल्लेख भएको नदेखिने।

पुनरावेदन जिकिरबमोजिम वादी बालकृष्ण श्रेष्ठको अंश भागमा परेको कि.नं. ३ को घरजग्गाले चर्चेको जग्गा बालकृष्ण श्रेष्ठले भोग चलन गर्न पाउने गरी तीनैजना अंशियारबीच मिति २०५४।१०।३ मा सर्तनामाको कागज खडा भएको भने पनि तत्पश्चात यी वादी/

प्रतिवादीसमेतका अंशियारबीच मिति २०५४।१०।८ मा पारित भएको बन्डापत्रमा सो कुरा उल्लेख नभएबाट मिति २०५४।१०।३ को घरसारको सर्तनामाको कागजले कुनै कानूनी मान्यता प्राप्त गर्न सक्ने देखिन नआउने ।

विवादित जग्गा पिता श्यामलाल श्रेष्ठले यी वादी/प्रतिवादीलाई अंश दिई सकेपछि निज पिताले मिति २०५५।६।४ मा आफ्ना नाउँको सम्पूर्ण चल अचल सम्पत्ति प्रतिवादी श्यामकृष्ण श्रेष्ठलाई शेषपछिको बकसपत्रको लिखत गरी दिएकोमा यी पुनरावेदक/वादी साक्षी बसेको देखिएको छ । सोही शेषपछिको बकसपत्रको लिखत आधारमा प्रतिवादी श्यामकृष्ण श्रेष्ठले भूमिसुधार कार्यालय, काठमाडौंमा पिताका नाउँको मोहियानी हकबाट प्राप्त हुन आएको विवादित जग्गा आफ्ना नाउँमा मोही हक नामसारी गरिपाउँ भनी निवेदन दिएअनुसार निज प्रतिवादीका नाउँमा मोहियानी हक नामसारी गरी दिने भनी भूमिसुधार कार्यालय, काठमाडौंबाट मिति २०५८।१।१८ मा निर्णय भएको देखिन्छ । आफैं साक्षी बसेको शेषपछिको बकसपत्रको लिखत बदर गरिपाउँ भनी दावी गर्न वादीले प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम नमिल्ने हुँदा सो शेषपछिको बकसपत्रको लिखतका आधारमा भएको भूमिसुधार कार्यालय, काठमाडौंको निर्णय बदर गर्न मिल्ने अवस्था र स्थिति नहुने ।

भूमिसुधार कार्यालयको उक्त २०५८।१।१८ को निर्णय बदर गरिपाउँ भनी यिनै वादीले भूमिसुधार कार्यालय, काठमाडौंसमेतलाई विपक्षी बनाई यस अदालतमा दिएको २०६१ सालको रिट नं.३०५५ को उत्प्रेषण/परमादेश रिट निवेदनमा पुनरावेदन नगरी असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रवेश गरेको भन्ने आधारमा उक्त रिट निवेदन खारेज हुने ठहरी मिति २०६३।८।२६ मा यस अदालतबाट फैसला भएको देखिन्छ । उक्त फैसलाबमोजिम निजले भूमिसुधार कार्यालय, काठमाडौंको सो निर्णयउपर भूमिसम्बन्धी ऐन, २०२१ को ५५(१) बमोजिम पुनरावेदन गरेको अवस्थासमेत देखिँदैन । कानूनबमोजिम पुनरावेदन गर्नुपर्ने विषयमा पुनरावेदन नगरी निर्णय बदरतर्फ दावी लिन पाउने भन्न पनि नमिल्ने ।

वादीले भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०५८।१।८ को निर्णय बदर गरी हक कायम गरिपाउँ भनी मुलुकी ऐन, जग्गा मिच्नेको महलको १७ नं. र जग्गा पजनीको महलको १८ नं. बमोजिम काठमाडौं जिल्ला अदालतमा प्रस्तुत मुद्दाको फिराद दिएको देखिएको छ । भूमिसुधार कार्यालयको उक्त निर्णयले वादीको हक जाने भई निजलाई असर परेको भए सो निर्णय बदर गराउन निजले मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ८६ नं. बमोजिम सुरू निर्णय गर्ने निकाय भूमिसुधार कार्यालय, काठमाडौंमा नालिस दिई उक्त निर्णय बदर गराउन सक्नुपर्नेमा त्यसो गर्न सकेको नदेखिने ।

मिति २०५४।१०।३ मा गरेको कागजसमेतबाट दावीको जग्गामा आफ्नो हक कायम हुनुपर्ने भन्ने पुनरावेदन जिकिर रहेको छ भने यस अदालतबाट उक्त मिति २०५४।१०।३ को लिखतका सम्बन्धमा एकिन नगरिएको भन्ने आधारमा मुद्दा दोहोर्‍याइ हेर्ने निस्सा

प्रदान हुने आदेश भएको देखिन्छ । मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ७८ नं.मा सबुद प्रमाण बुझ्ने भनी तोकिएको तारिखमा वादीको प्रमाणको कागज प्रतिवादीलाई र प्रतिवादीको प्रमाणको कागज वादीलाई सक्कलै देखाई सुनाई सद्दे, किर्ते वा जालसाज के भन्छ सोही व्यहोराको बयान गराउनुपर्छ भन्ने व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाबमोजिम वादी वा प्रतिवादीले पेस गरेका प्रमाणका कागजात एक अर्कालाई सक्कलै देखाई सुनाउनुपर्ने र निजहरूले सद्दे, किर्ते वा जालसाज जे भन्छन् सोहीबमोजिम बयान गराउनुपर्ने हुन्छ । तर वादीबाट पेस भएको उक्त मिति २०५४।१०।३ को कागज प्रतिवादीलाई देखाउँदा निजले सद्दे, किर्ते वा जालसाज केही पनि नभनी केवल झुक्याएर सहिछाप गराएको हो भनी बयान गरेको देखिन्छ भने माथि विवेचना गरेअनुसार सो कागजले कानूनी मान्यतासमेत प्राप्त गरेको स्थिति देखिन नआउने ।

सद्दे, किर्ते वा जालसाज के हो भन्ने सम्बन्धमा बयान गर्नुपर्ने भनी कानूनले नै स्पष्ट व्यवस्था गरेको स्थितिमा सद्दे, किर्ते वा जालसाज केही नभनी झुक्याएर सहिछाप गराएको भनी गरेको बयानका आधारमा अदालत आफैंले त्यस्तो लिखतका सम्बन्धमा सद्दे, किर्ते वा जालसाजी भनी बोलिरहनुपर्ने अवस्था हुँदैन । अचल सम्पत्तिको स्वामित्व र भोगसम्बन्धी प्रस्तुत विवादमा मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. बमोजिम रजिस्ट्रेसन गर्नुपर्ने हुन्छ, तर सो २०५४।१०।३ को लिखत रजिस्ट्रेसन भएको देखिँदैन । कानूनबमोजिम रजिस्ट्रेसन गर्नुपर्नेमा नगरिएको लिखतलाई प्रमाणयोग्य मान्न नमिल्ने हुँदा त्यस्तो प्रमाणमा लिन नमिल्ने लिखतका सम्बन्धमा अ.बं.७८ नं.बमोजिम बोलिरहन नपर्ने भएकाले अ.बं.७८ नं.बमोजिम नबोलेको भन्ने पुनरावेदन जिकिर र यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिइएको आधारसँग यो इजलास सहमत हुन नसक्ने ।

भूमिसुधार कर्यालयको मिति २०५८।१।१८ को निर्णय बदर हुन नसक्ने र दावीको जग्गामा वादीको हक कायम हुन नसक्ने हुँदा वादी दावी पुग्न नसक्ने भनी काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।२५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-०११५, खिचोला मेटाई पर्खाल भत्काई पाऊँ, *बालकृष्ण श्रेष्ठ वि. श्यामकृष्ण श्रेष्ठ*
- ०६७-CI-०११६, ड्रेन पाइप हटाइपाऊँ, *बालकृष्ण श्रेष्ठ वि. श्यामकृष्ण श्रेष्ठ*

६

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०२६८,

घर भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ, *गायत्रीदेवी कुर्मी वि. सकुल भन्ने मोहन चमारसमेत*

पुनरावेदन अदालतले सर्जमिन मुचुल्कालाई प्रमाणमा लिई वादी दावी खारेज हुने ठहर गरेको छ। तर मिसिल संलग्न सर्जमिन मुचुल्का हेर्दा सर्जमिन मुचुल्काका व्यक्तिहरूमध्ये कसैले उक्त जग्गामा बनेको घर २०४० सालमा बनेको, कसैले ३-४ वर्षअघि बनेको र कसैले ४-५ वर्षअघि बनेको भनेका छन्। सर्जमिनमा बस्ने मानिसहरूको भनाईमा एकरूपता नभई निजहरूको भनाई एकआपसमा विरोधाभाषपूर्ण देखिएको छ। यस्तो विरोधाभाषपूर्ण सर्जमिनका मानिसको भनाईलाई मात्र आधार मानी अन्य ठोस प्रमाणको अभावमा विवादित जग्गामा बनेको घर प्रतिवादीले २०४० सालमा नै बनाएका रहेछन् भनी भन्न नमिल्ने।

विवादित जग्गा वादीका नाउँमा दर्ता रहेको देखिनुका साथै प्रतिवादीले उक्त जग्गामा २०४० सालमा घर बनाएको पुष्टि हुने ठोस र तथ्ययुक्त प्रमाण पेस गर्न नसकेको स्थितिमा सर्जमिनका मानिसहरूको परस्पर विरोधाभाषपूर्ण भनाईलाई मात्र आधार मानी विवादित जग्गामा बनेको घर २०४० सालमा नै बनेको भन्न नमिल्ने हुँदा दावीको जग्गाको न.नं. ९क को घर र सो घरले चर्चेको आँगन र निकाससमेतको हकमा वादीको फिराद खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।३।२ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई वादी दावीबमोजिम घर भत्काई खिचोला मेटाई चलनसमेत चलाई दिने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०६४।२।२७ को फैसला सदर हुने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर ८ गते रोज २ शुभम्।

७

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-०१३६७, सार्वजनिक बाटोमा भएको पर्खालले हानि नोक्सानी पुऱ्याएको, *बेबी शाहसमेत वि. प्रभा जि.सी.*

सर्वे नापीको नक्साले जग्गा, बाटो र अन्य प्राकृतिक एवम् भौतिक अवस्थालाई निश्चित गरिदिएको हुन्छ। यी वादीले भने जस्तो कि.नं. २६६ को सार्वजनिक बाटो च्यापी प्रतिवादीले पर्खाल लगाएको भन्न सर्वे नापीको नक्सा र अमिनले पेस गरेको प्रतिवेदन एवम् अदालतबाट भएको नक्सा मुचुल्कामा विवादित पर्खालको अवस्थिति, आकार प्रकृति र स्वरूपमा भिन्नता भएको देखिनुपर्ने हुन्छ। तर २०४३ सालमा भएको शहरी नापीको नक्सामा प्रतिवादीको कि.नं.१८ को जग्गा तथा घर अगाडि रहेको पर्खालको अवस्थिति आकार, प्रकृति र स्वरूप अमिनले स्थलगत निरीक्षण गरी पेस गरेको प्रतिवेदन एवम् अदालतबाट भई आएको नक्सा मुचुल्कामा जनिएको पर्खालको अवस्थिति, आकार, प्रकृति र स्वरूपमा भिन्नता नभई समान रहेको पाइयो। यसरी अदालतबाट भई आएको नक्सा मुचुल्काबाट कि.नं. २६६ को सार्वजनिक बाटो एवम् पर्खालको अवस्थिति सर्वे नापीको नक्सामा भिडाउँदा समान रहेको

हुँदा विवादित पर्खाल प्रतिवादीले सार्वजनिक सडक च्यापी पछि निर्माण गरेको नभई २०४३ सालको नापी हुनुभन्दा अगाडिदेखि नै रहेको पाइँदा दावीबमोजिम प्रतिवादीले सार्वजनिक बाटो च्यापी पर्खाल निर्माण गरेको नदेखिने।

सर्वे नापी नक्सा र अमिनले पेस गरेको स्थलगत निरीक्षण प्रतिवेदन एवम् अदालतबाट भई आएको नक्सा मुचुल्कामा खुलाएको विवादित बाटो एवम् पर्खालको अवस्थिति, आकार, प्रकृति र स्वरूपमा समान रहेकाले हाल प्रतिवादीले बाटो च्यापी पर्खाल निर्माण गरेको नदेखिएको अवस्था हुँदा पर्खाल भत्काउने ठहर गरेको काठमाडौं महानगरपालिकाको निर्णय बदर गरी वादी दावी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।१७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल कात्तिक ३० गते रोज १ शुभम्।

८

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-११८३, मोही नामसारी, *गोविन्दहरि अमात्य वि. शिवनारायण चौधरी*

मोही बाँडफाँटसम्बन्धी कानूनी व्यवस्था भूमिसम्बन्धी ऐन, २०२१ ले गरेको छ। उक्त ऐनको दफा २६(१) मा...मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री छोरा, बुहारी, नाति, नातिनी बुहारी, दाजुभाइ वा दिदी बहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाबाट मोहियानी लागेको जग्गामा जग्गाधनीले पत्याएको मोहीको हकदारको नाममा मोही हक नामसारी हुने देखिने।

पुनरावेदक प्रतिवादी विवादित जग्गाको जग्गाधनी भएको तथ्यमा पनि विवाद छैन। जग्गाधनीले नपत्याएको व्यक्तिको नाममा मोही नामसारी हुन सक्तैन। तर, वादी शिवनारायण चौधरीलाई जग्गाधनीले मोहीमा नपत्याएको भए तापनि मोहीका हकदार दुई भाइ छोरामध्ये जेठा छोराले कान्छा छोरा भाइ शिवनारायण चौधरीको नाममा मोही हक नामसारी होस् भनी मञ्जुरनामा गरी आफ्नो हक परित्याग गरिसकेको देखिन्छ। मिसिलको अध्ययन गर्दा मोही दामोदर चौधरीको एकासगोलका अरू हकदार भएको देखिँदैन। अरू हकदार नभई दुई छोरा हकदार भएको र एक भाइ छोरा भगलुले हक त्याग गरेको अवस्थामा जग्गाधनीले नपत्याएको भए तापनि वादीको नाममा नामसारी हुनसक्ने देखिने।

मोही हक नामसारीको लागि मुद्दा कारवाही चलिरहेकोमा त्यो निर्णय नभई रहन पनि सक्तैन। फिरादीले पेस गरेको प्रमाण तथा सम्बन्धित निकायबाट प्राप्त सम्बद्ध प्रमाणको आधारमा निर्णय गर्नु सम्बन्धित निकायको कर्तव्य हो। जग्गाधनीले वादीलाई मोहीमा नपत्याएको भए तापनि मोही लागेको जग्गाको मोही नामसारी नगरी राख्दा नामसारी प्रक्रिया शुन्यमा पुग्न सक्ने अवस्था हुने।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को व्यवस्था भनेको साविक मोहीको मृत्युपश्चात् मोहीको हकदार धेरैजना भएको अवस्थामा हकदारमध्ये कसले मोहीको हक पाउने हो भन्नका लागि जग्गाधनीलाई पत्याउने अधिकार दिएको अवस्था हो तर मोहीपछि मोहियानी हक प्राप्त गर्ने दुईजना हकदारमध्ये एकले आफ्नो हक स्वेच्छाले परित्याग गरी अर्कोलाई सुम्पिन्छ भने त्यस्तो अवस्थामा जग्गाधनीले सोही हक सुम्पिइएको व्यक्तिलाई पत्याउन नपर्ने छुट उक्त कानूनी व्यवस्थाले दिएको हो भनी मान्न मिल्ने नहुने।

साविक मोही मरेपछि निजका छोरा वादी शिवनारायणले जग्गा कमाई कुत बाली जग्गा धनीलाई बुझाई जग्गाधनीले बुझ्न इन्कार गरेको सालको कुत बापतको धरौटी भूमिसुधार कार्यालय, सर्लाहीमा राखेको समेत देखिन्छ । मोहीको छोरा शिवनारायणले जग्गा कमाएको र जग्गा कमाएबापत कुतसमेत बुझाएको तथ्यलाई अन्यथा भन्न सकिने अवस्था छैन । यसबाट वादी शिवनारायण चौधरीले जग्गा कमाई रहेको तथ्य स्पष्ट हुन आएको छ । मोहीका अर्का छोरा भगलु चौधरीले उक्त जग्गा कमाएको र जग्गाधनीलाई कुत बाली बुझाएको देखिँदैन। त्यसमा पनि भगलु चौधरीले भूमिसुधार कार्यालयमा स्वयम् उपस्थित भई भाइ शिवनारायण चौधरीलाई मोही हक नामसारी गरी दिन मञ्जुर भएको भनी निवेदन दिई उक्त निवेदन सनाखतसमेत गरेको देखिन आएबाट आफ्नो मोही हक त्याग गरेको मान्नुपर्ने देखिन आउने।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ख. ले तोकिएको अधिकारीले दफा २६ग, २६घ, २६घ२ र २६ङ को अधीनमा रही मोही लागेको जग्गा, जग्गावाला र मोहीलाई बाँडफाँट गर्नसक्ने व्यवस्था गरेको छ। त्यसै गरी बाँडफाँटको प्रक्रिया पनि निर्धारण गरेको पाइन्छ । जग्गा बाँडफाँट नगरी जग्गावाला, मोही तथा मोहीका हकदारको सहमतिमा जग्गाको मूल्य बराबरको रकम लिई पूरै जग्गा कुनै एकको नाममा पनि कायम हुनसक्छ । प्रस्तुत विवादमा जग्गाधनी र मोहीका हकदारहरूबीच सहमतिमा बाँडफाँट गर्ने गराउने जस्ता कामकारवाही नभएको भए तापनि मोही नामसारीको लागि मोहीको शेषपछिका दुईजना हकदारमध्ये एकजना हकदारको मञ्जुरीनामाले अर्को हकदारले प्रक्रियागतरूपमा मोही नामसारीको कामकारवाही अगाडि बढेको देखिन्छ । मोहियानी हक मोहीका हकदारमध्ये एक जनालाई मात्र प्राप्त हुने कुरामा विवाद छैन। त्यसै गरी मोही हक शुन्यमा परिणत पनि हुन नसक्ने।

ऐनको दफा २६ को उपदफा (१) को कानूनी व्यवस्था जग्गाधनीले पत्याएको मोहीको एकाघरको हकदारको नाममा मोही नामसारी गर्नुपर्ने भन्ने हो । प्रतिवादीले जग्गाधनीको तर्फबाट वादी शिवनारायण चौधरीलाई मोहीमा नपत्याएको भए तापनि साविक मोहीको मृत्युपछि यिनै वादीले जग्गा कमाई कुत बालीबापत रकम धरौट राखेको अवस्थामा वास्तविक जोताहाको नाममा नामसारी गर्न इन्कार गर्दा सो कानूनी व्यवस्थाको अर्थ र परिभाषा निष्क्रिय हुन्छ । कानूनी व्यवस्थाको अर्थ र परिभाषालाई निष्क्रिय हुने गरी अदालतले व्याख्या गर्न

मिल्दैन । अदालतले सन्दर्भ र परिप्रेक्ष्यको आधारमा कानूनको उद्देश्य, परिणाम र भावनामा प्रतिकूल असर नपर्ने गरी व्याख्या गर्नुपर्ने ।

मोहीको हकदार एउटा छोरा भगलु चौधरीले भाइ वादी शिवनारायण चौधरीलाई मोही नामसारीको लागि मञ्जुरीनामा दिई भूमिसुधार कार्यालय, सर्लाहीको रोहबरमा सनाखत गरी आफ्नो हक त्यागिसकेपछि पुनः जग्गाधनीले मोहीमा पत्याएको भन्ने आधारमा मात्र भगलु चौधरीको नाममा मोही नामसारी गर्दा परिणाम शुन्य हुने हुँदा यस अदालतको मिति २०७०।२।३ को मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गर्ने आदेशसँग सहमत हुन नसकिने ।

वादी शिवनारायण चौधरीको नाममा मोही नामसारी हुने गरी सुरू भूमिसुधार कार्यालय, सर्लाहीले मिति २०६७।१।२१ गते गरेको निर्णय सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।१२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल असोज ३१ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको ०६९-CI-११८४, मोही नामसारी, *महेश्वर लाल श्रेष्ठ वि. शिवनारायण चौधरीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री कल्याण श्रेष्ठ,** ०६६-CR-०४८९, सवारी ज्यान, *नेपाल सरकार वि. नरेन्द्र कुँवर*

प्रतिवादीले चलाएको मोटरसाइकलको पछाडि बसेका कृष्णदत्त पाण्डेय उक्त मोटरसाइकलबाट लडी निजको उपचारको क्रममा मृत्यु भएको तथ्यलाई प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा समेत स्वीकार गरी बयान गरेका छन् । निजको उक्त स्वीकारोक्तिलाई बुझिएका विष्णुदत्त पाण्डेय, वस्तुस्थिति मुचुल्काका जयबहादुर कुँवर र जाहेरवाला परमानन्द पाण्डेय एवम् स्वयम् प्रतिवादीकै साक्षी सुरेशराज भट्टसमेतले अदालतमा आई गरेको बकपत्रले समर्थन गरेको देखिन्छ भने आन्तरिक चोटका कारणले मृतकको मृत्यु भएको भन्ने शव परिक्षण प्रतिवेदनबाट देखिएको छ । यसरी प्रतिवादीको बयान, जाहेरवालालगायत मौकाका व्यक्तिले अदालतमा गरेको बकपत्र तथा शव परीक्षण प्रतिवेदनसमेतका प्रत्यक्ष प्रमाणहरूबाट यी प्रतिवादीले चलाएको मोटरसाइकल पछाडि बसेका मृतकको मृत्यु उक्त मोटरसाइकलबाट लडेका कारणले भएको कुरामा विवाद नहुँदा सवारी चालकको लापरवाहीका कारण मृतकको मृत्यु भएको देखिन नआउने ।

अभियोग पत्रमा दफा १६१(२) को सजायको माग दावी भए पनि पुनरावेदन अदालतले प्रतिवादीलाई सोअनुसार सजाय नगरी दफा १६१(३) बमोजिम सजाय गरेको छ । पुनरावेदन तहको अदालतले पुनरावेदनको रोहमा मातहत अदालतको इन्साफ जाँच गर्दा पुनरावेदकले पुनरावेदनपत्रमा जिकिर लिएको विषयवस्तुमा सिमित रहेर निर्णय गर्नुपर्ने हुन्छ । तर वादीले यस अदालतमा पुनरावेदन गर्दा स्पष्टरूपमा अभियोग दावीअनुसार १६१(२)

बमोजिम सजाय गरिपाउँ भन्ने जिकिर नलिई दफा १६१(४) बमोजिम थप सजायको मात्र जिकिर लिई पुनरावेदन गरेको देखिएको छ । पुनरावेदन अदालतले दफा १६१(३) बमोजिम सजाय गरेको देखिएको यस्तो स्थितिमा दफा १६१(४) मा भएको कानूनी व्यवस्थाअनुसार थप सजाय गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: मन्जिता बर्तौला

इति संवत् २०७१ साल वैशाख २३ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-०२५६, उत्प्रेषण/परमादेश, *अधिवक्ता विजयकुमार बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार भएको र वातावरणको विषय प्रत्येक व्यक्तिको जीवनको अधिकारसँग जोडिएको हुन्छ । स्वच्छ वातावरणबिना स्वस्थ जीवनको परिकल्पनासम्म पनि गर्न नसकिने हुँदा वातावरण स्वच्छ राख्नु सबैको कर्तव्य हुन आउँछ । कुनै एक व्यक्तिले वातावरणमा पारेको प्रतिकूल प्रभावले अर्को व्यक्ति एवम् जीव जीवात्मालाई समेत असर पार्ने हुँदा वातावरण स्वच्छ राख्नु सबैको साझा कर्तव्यको विषय पनि हो । यसका साथै राज्यका तर्फबाट पनि वातावरण स्वच्छ राख्न र प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षण गर्न समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने ।

निवेदकले चितवन राष्ट्रिय निकुञ्जक्षेत्रभित्र विभिन्न दुर्लभ वन्यजन्तु, जीव जीवात्मा, वनस्पतिसमेत रहेकोमा पर्यटक भित्र्याउने नाममा विपक्षीहरूले निकुञ्ज क्षेत्रभित्र होटल, लज सञ्चालन गर्ने सम्झौतासमेतका कार्यले त्यहाँ रहेका सम्पूर्ण जीव जीवात्मा वनस्पतिसमेतमा प्रभाव परी वातावरणमा प्रतिकूल असर पर्ने हुँदा विपक्षीहरूबाट गरिएको काम कारवाही बदर गरिपाउँ भन्ने निवेदन माग गरेको र प्रस्तुत विषय वातावरण संरक्षणसँग सम्बन्धित रहेको पाइन्छ । त्यसैगरी राज्यको तर्फबाट जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकाससम्बन्धी क्रियाकलापद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन तथा वातावरण एवम् दुर्लभ वन्यजन्तुको संरक्षणको लागि जिम्मेवारी तोकिएकाले सोबमोजिमको दायित्व राज्यको तर्फबाट पूरा गर्नुपर्ने हुन्छ । यसका साथै प्रत्येक व्यक्तिलाई संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि सार्वजनिक हक वा सरोकारसम्बन्धी कुनै विवादको निराकरणको लागि सर्वोच्च अदालतमा रिट निवेदन दिन पाउने अधिकार भएको र निवेदकले दिएको प्रस्तुत निवेदनमा वातावरण संरक्षणसँग सम्बन्धित विषय उल्लेख भई मौलिक हकको विषय हुँदा प्रस्तुत रिट निवेदन दिन निवेदकको हकदैया पुग्ने ।

वातावरणीय स्वच्छताको हक सबैको सरोकारको विषय हो तर यो निरपेक्ष र अन्य विपक्षीहरूबाट नितान्त पृथक वा अछुतो विषय भने होइन । मानव विकासको लागि भौतिक वा

अभौतिक, पूर्वाधारजन्य वा अन्य उत्पादनशील कुनै पनि क्रियाकलापहरू अनिवार्य हुन्छन् जसको अभावमा बढ्दो जनसङ्ख्या र जनसङ्ख्याको विकास आकाङ्क्षाको सम्बोधन हुन सक्तैन। न प्रकृति न मानवगतिविधि यथास्थितिमा रहिरहन सक्तछ। विकास र परिवर्तन निरन्तरको प्रवृत्ति हो। यसको विरूद्धको कुनै पनि अवरोधजन्य कार्यले कुनै रूपको द्वन्द्वलाई निम्त्याइरहेको हुन्छ। त्यसैले विकास र वातावरणलाई मानवीय सुखको सन्दर्भमा पारस्परिक सम्बन्धको रूपमा हेर्न उपयुक्त हुने।

प्राकृतिक एवम् वातावरणीय स्रोतहरूको उपयोगबिना मानव अस्तित्व र विकास सम्भव पनि छैन तर स्रोतहरू नै समाप्त वा विलय हुने वा विकृतिहरू फैलाउने कार्यलाई रोकी वर्तमान एवम् भावी पुस्तासम्म स्रोतहरू निरन्तर उपलब्ध भइरहने व्यवस्था कसरी गर्न सकिन्छ र वातावरणीय स्रोतहरूको दिगो उपयोग कसरी गर्न सकिन्छ भन्ने कुराको हेक्का राख्न भने हरेक विकास कार्यकर्ता, निकाय, समुदाय र सरकार अनिवार्यरूपमा सचेत हुनुपर्छ। हरेक विकास वा वातावरणीय गतिविधिको प्राकृतिक वा वातावरणीय स्रोतमा कमबेसी प्रभाव पर्नसक्ने नै हुँदा प्रकृतिको धारणशक्तिको वा सहनसीमालाई ध्यानमा राख्नुपर्ने हुन्छ। प्राकृतिक स्रोतहरूको अन्धाधुन्द प्रयोगले स्रोत विलयको खतरा बढ्छ भने विषमरूपमा प्राकृतिक स्रोतको प्रयोग नै गर्न नदिने हो भने प्रकृति सुरक्षित हुन्छ भन्ने पनि छैन। अघि नै पनि भनी सकिएको छ, प्रकृतिभित्र पनि स्वाभाविक परिवर्तनजन्य घटनाहरू भई नै रहन्छ। प्रकृति र मानवबीचको सम्बन्धले प्रकृति एवम् प्राकृतिक स्रोतहरूको संरक्षण वा प्रवर्द्धन भएको पनि नपाइने होइन। कतिपय मानव खाद्यवस्तुको रूपमा प्रयोग भएका अन्नहरू वा जीवजन्तुहरूको पालन पोषण भई सङ्ख्यात्मक वृद्धि भएको पनि छ। त्यसैले प्राकृतिक वा वातावरणीय स्रोतको सम्बन्धमा संरक्षण, उपयोग र व्यवस्थापनसम्बन्धी दीर्घकालीन नीतिले मात्रै मानव हितसापेक्ष सम्बोधन गर्नसक्ने।

व्यावसायिक स्वार्थ वा हितको प्रतिस्पर्धात्मक सोचले अग्रता पायो भने वा मानवले वातावरणलाई र वातावरणले मानवलाई भरथेग गर्न नपाउने वा नसक्ने स्थिति आयो भने वा एकको प्राथमिकताले अर्काको विलय भयो भने त्यो कसैको पनि हितमा रहँदैन। यस सम्बन्धमा नेपाल सरकारलगायत सबै सरोकारवालाको ध्यान केन्द्रित हुन अपेक्षित हुने।

निकुञ्ज क्षेत्र संवेदनशील र महत्त्वपूर्ण वातावरणीय क्षेत्र भएकाले त्यस क्षेत्रको वन, वन्यजन्तु तिनको वासस्थान र तिनले प्रयोग गर्ने बाटोलगायतका अन्य सुविधामा प्रतिकूल प्रभाव पार्न नदिने कोसिस राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ६ अन्तर्गत काम गर्ने सरकार एवम् सम्बन्धित पक्षहरूको हुन्छ। सो ऐनको दफा ६ अन्तर्गत करार गर्ने विषय कानून र न्यायका मान्य सिद्धान्तको अधीनमा रही निर्णय गर्न सकिने सरकारको स्वविवेकको विषय भएकाले यस अदालतबाट हस्तक्षेप गर्न नमिले पनि दफा ६ अन्तर्गत करार गरिन्छ भने पनि उपरोक्त कुराहरूमा गैरकानूनीरूपमा प्रतिकूल वातावरणीय प्रभाव पर्दैन भन्ने कुराको निश्चतता सरकारले गर्नुपर्ने हुन्छ र करार

गरेपश्चात पनि त्यसको निरन्तर अनुगमन र मूल्याङ्कन गर्न संयन्त्र तत्काल स्थापित गर्नुपर्ने हुन्छ । वातावरणीय विषय सबैको चासो र सरोकारको विषय भएकाले त्यसमा सरकारको ध्यानाकर्षण हुनुपर्ने हुन्छ । सोदेखि बाहेक प्रस्तुत मुद्दामा रिट जारी गर्नुपर्ने अन्य अवस्था विद्यमान नभएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल असोज २७ गते रोज २ शुभम् ।

यसै प्रकृतिमा निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् ।

- ०६७-WO-०२९९, उत्प्रेषण/परमादेश, *सरल श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६७-WO-०६६५, उत्प्रेषण/ परमादेश, *अधिवक्ता धनञ्जय खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** ०६८-WO-०२६८, उत्प्रेषण/ परमादेश, *नेगबहादुर भण्डारी वि. जिल्ला प्रहरी कार्यालय, बाँके नेपालगन्जसमेत*

अन्य प्रतिवादीका हकमा इन्साफ हुँदा अ.बं. २०५ नं. बमोजिम यी रिट निवेदकका हकमा पनि फैसला विचार गर्नुपर्ने भने पनि अ.बं. १९४ नं. अनुरूपको प्रक्रिया नै सम्पन्न हुन नसकी अदालतबाट जेथाको भौगोलिक स्थिति बुझ्ने तथा सर्जमिनसमेतको कार्य पूरा नभै रिट निवेदकले अदालतबाट निजका नाउँमा तोकिएको डोर तारिख नै गुजारी बसेबाट कानूनअनुरूप थप जेथा जमानतका लागि जेथाको भौगोलिक स्थिति र सर्जमिनसमेतको प्रक्रिया नै पूरा हुन नसकेको उक्त तोकिएको डोर तारिखसमेत गुज्री पुनरावेदनपत्र दर्ता हुन बाँकी रहेको देखिँदा निवेदकको हकमा अ.बं. २०५ नं. को कानूनी व्यवस्थाअनुरूप फैसला गरिदिनु भनी पुनरावेदन अदालत, नेपालगन्जका नाउँमा आदेश जारी गर्न कानूनत: मिलेन । यसका अतिरिक्त निवेदकलाई लागेको कैद तथा जरिवानाका हकमा इन्साफको रोहमा विचार हुने कुरामा रिट क्षेत्रबाट इन्साफमा प्रवेश गर्नसमेत मिल्ने भएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ २० गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०१५५, उत्प्रेषण/परमादेश, *रघुनाथ यादव वि. जिल्ला महोत्तरी, महोत्तरी गाविस वडा नं. १ पर्साटोलस्थित श्री निम्न माध्यमिक विद्यालय, पर्सासमेत*

दावी विरोधबाट अयोग्य देखिएका ३ (तीन) जना अभिभावकहरूलाई मतदाता नामावलीबाट हटाएको भन्ने कुरा मिसिल संलग्न विद्यालय व्यवस्थापन छनौट सहयोग समितिको बैठकको निर्णयबाट देखिएको र सो तथ्यबाट दावी विरोधको लागि परेको निवेदनउपरमा कारवाही हुँदै नभएको रहेछ भनी मान्न मिल्ने अवस्था पनि देखिँदैन । सोबाट विद्यालय

व्यवस्थापन समितिको छनौट प्रक्रियामा मतदाता हुनको लागि योग्यता नभएका अभिभावकहरू सम्मिलित मतदाताहरूबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरू छनौट गरिएको भन्ने रिट निवेदकको दावी जिकिर पत्यारलाग्दो र वस्तुपरक नदेखिएको सन्दर्भमा पुनरावेदन अदालत, जनकपुरबाट रिट निवेदन खारेज गरेकोलाई अन्यथा भन्न नमिल्ने ।

निवेदन माग दावीबमोजिम उत्प्रेषणमिश्रित परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको भनी रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।११।२ को निर्णय आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । रिट निवेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-CR-१२७९, गाली बेइज्जती, *राजेन्द्रप्रसाद साह वि. बिभा ठाकुर*

शिवशक्ति प्राथमिक विद्यालयको मिति २०६३।९।२६ को व्यवस्थापन समितिको बैठकको निर्णय पुस्तिकामा सो व्यवस्थापन समितिका अध्यक्ष पुनरावेदक/वादीलाई गाली बेइज्जती हुने व्यहोरा उल्लेख गरेको भन्ने फिराद दावी भए तापनि विद्यालयप्रतिको जिम्मेवारीप्रतिकूलरूपले अनाधिकार चेष्टासाथ निर्वाह गर्ने चरित्रहीन अध्यक्ष भन्ने व्यहोरा उल्लेख गरी गाली बेइज्जती गरेको भन्ने फिराद दावीलाई पुष्टि गर्ने थप आधार यी पुनरावेदक वादीले पेस गर्न सकेको देखिएन । प्रतिवादीले समेत सो कुरा निर्णय पुस्तिकामा उल्लेख नगरेको, पुनरावेदक वादीलाई सम्मान गर्ने भनी प्रतिउत्तर दिएको अवस्थामा पुनरावेदक वादीले के कुन आधारबाट त्यस्तो अभिव्यक्ति माइन्युटमा उल्लेख भएको हो भन्ने स्रोत र सोको भरपर्दो प्रमाणसमेत पेस गर्न सकेको पनि देखिँदैन । अत: वादीले प्रतिवादीलाई गाली बेइज्जती गरेको भन्ने फिरादपत्रमा उल्लिखित व्यहोरा कहीँकतैबाट प्रमाणित भएको नदेखिँदा वादी दावी पुग्ने ठहर्‍याई सुरू सिरहा जिल्ला अदालतबाट भएको मिति २०६६।२।२० को फैसला उल्टी भई वादी दावी पुग्न नसक्ने ठहर्छ भनी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।२।१९ को फैसला मिलेकै देखिँदा सो सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७० साल कात्तिक ३ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CR-०९९९, बहुविवाह, *नेपाल सरकार वि. चिरञ्जीवि पौडेलसमेत*

फौ.पु.नं. ०६६-CR-०८४२, पुनरावेदक प्रतिवादी गणेश भण्डारी विरूद्ध वादी नेपाल सरकार भएको बहुविवाह मुद्दामा यस अदालतबाट "पुनरावेदक प्रतिवादीले सरला खड्कासँग विवाह गरेको मिति २०६४।४।२३

मा पुनरावेदक प्रतिवादी र निज गीताकुमारी कार्कीबीच कानूनबमोजिम सम्बन्ध विच्छेद भएको अवस्था नभई वैवाहिक सम्बन्ध कायमै रहेको अवस्था देखिन्छ । बहुविवाह नेपाल सरकार वादी हुने फौजदारी मुद्दा हो र यस्तो मुद्दामा प्रतिवादीले आरोपित कसुर गरेका बखतको कानूनी स्थितिलाई हेरिनुपर्ने हुन्छ । सोअनुसार पुनरावेदक प्रतिवादीले मिति २०६४।४।२३ मा सरला खड्कासँग दोस्रो विवाह गरेको कार्यलाई प्रचलित कानूनले बहुविवाहको कसुर भनी परिभाषा गरिरहेको अवस्थामा पछि दायर भएको सम्बन्ध विच्छेद मुद्दामा मिति २०६४।४।२४ मा निजहरूबीच सम्बन्ध विच्छेद हुने गरी भएको मिलापत्रले प्रतिवादीले अघि गरेको कसुरलाई पश्चात्दर्शी प्रभाव दिएर वैध तुल्याउन सक्तैन भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको देखिने।

प्रस्तुत मुद्दामा विपक्षी प्रतिवादी चिरञ्जीवि पौडेलले लक्ष्मी अधिकारीसँग मिति २०६७।४।७ मा दुबैजना मिली भागी एकआपसमा प्रेम विवाह गरेको भन्ने जाहेरी दर्खास्तबाट देखिन्छ । बहुविवाह गरेको स्वीकार गरी प्रतिवादी चरञ्जीवि पौडेल र लक्ष्मी अधिकारीले अधिकारप्राप्त अधकारी र अदालतसमक्ष बयान गरी स्वीकार गरेको देखिन्छ । यिनै स्वीकारोक्तिहरूबाट समेत प्रतिवादीहरूले बहुविवाह गरेको तथ्य स्थापित भैरहेको अवस्था छ । प्रतिवादी र जाहेरवाली बीचको सम्बन्ध विच्छेद मुद्दामा भने उक्त बहुविवाह भैसकेपछि मिति २०६७।८।२८ मा कास्की जिल्ला अदालतबाट मिलापत्र भएको देखिन आयो । प्रकारान्तरमा भन्नुपर्दा अनिता ज्ञवालीसँग सम्बन्ध विच्छेद मुद्दामा चिरञ्जीवि पौडेल र जाहेरवालीबीच सम्बन्ध विच्छेद हुने गरी मिलापत्र हुनुपूर्व नै निज लक्ष्मी अधिकारी र चिरञ्जीवि पौडेलबीच वैवाहिक सम्बन्ध कायम भैसकेको मिसिलबाट देखिन आयो । यसरी सरकार वादी हुने फौजदारी मुद्दामा प्रतिवादीले कसुर गरेको समयमा विद्यमान रहेको तथ्य र कानूनलाई हेरिनुपर्ने हुँदा पहिलो श्रीमतीसँग सम्बन्ध विच्छेद नहुँदै अर्को स्त्रीसँग विवाह गर्न मुलुकी ऐन, बिहावारीको ९ नं. र ९क नं. ले छुट दिएको भन्न नमिल्ने।

अनिता ज्ञवालीसँग सम्बन्ध विच्छेद भएको तथ्यगत र कानूनी अवस्था प्रस्तुत मुद्दामा बहुविवाहको कसुर स्थापित गरी हुनुपछिको घटनाक्रमको रूपमा रहेको देखिन्छ। सोअनुसार विपक्षी प्रतिवादीले लक्ष्मी अधिकारीसँग दोस्रो विवाह गरेको कार्यलाई प्रचलित कानूनले बहुविवाहको कसुर भनी परिभाषित गरिरहेको अवस्थामा पछि भएको सम्बन्ध विच्छेदको मिलापत्रले प्रतिवादीले अघि गरेको अपराधलाई शुन्य गराउन सक्दैन। अपराध गर्दाका अवस्थामा भएको आपराधिक कार्य र आपराधिक मनसायलाई निस्तेज पारी जानीजानी पछि गएर अर्को कुनै घटनाक्रम गर्दैमा अपराध गर्दाको अवस्थाको अपराधीको दोषी मनोभावनासहितको आपराधिक कार्यबाट अपराधीलाई छुट दिन नमिल्ने हुँदा प्रतिवादीहरू विरूद्ध अभियोगपत्र दायर हुँदा सम्बन्ध विच्छेद नभै विवाह सम्बन्ध कायम रहेको देखिएको र अभियोग पत्र परेपछि बहुविवाहलाई प्रभावित गर्न जेठी श्रीमतीसँग सम्बन्ध विच्छेद हुने गरी

मिलापत्र हुँदैमा पछि भएको त्यस्तो मिलापत्रले अघि नै भएको बहुविवाहको वारदातलाई अन्यथा असर पार्नसक्ने नहुँदा प्रतिवादीहरूलाई सफाइ दिएको पुनरावेदन अदालत, पोखराको निर्णय मिलेको नदेखिएकाले उल्टी भई अभियोग मागबमोजिम कसुर कायम हुने ठहर्छ । सो ठहर्नाले मुलुकी ऐन, बिहावारीको १० नं. बमोजिम प्रतिवादी चिरञ्जीवि पौडेल र प्रतिवादी लक्ष्मी अधिकारीलाई जनही एकवर्ष कैद र पाँच हजार रूपैयाँ जरीवाना हुने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७० साल कात्तिक ३ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WO-०९५५, उत्प्रेषण/परमादेश, *प्रजापति दाहाल वि. राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर काठमाडौंसमेत*

निवेदन दावीमा परिषद्को सदस्य सचिवले मात्र काजमा खटाउन सक्ने भन्ने कर्मचारी नियमावलीको नियम ४२ मा कानूनी व्यवस्था रहेकोमा परिषद्को निर्णयानुसार काजमा खटाउने गरी भएको कामकारवाही क्षेत्राधिकारको अभाव रहेको भन्ने सम्बन्धमा मिसिल संलग्न मिति २०६९।११।१३ को पत्र हेर्दा "परिषद्को मिति २०६९।११।१३ गतेको निर्णयानुसार" भन्ने उल्लेख भएको एवम् राष्ट्रिय खेलकुद परिषद् कर्मचारी सेवा, सर्तसम्बन्धी नियमावली, २०६८ को नियम ४२(१) मा "परिषद्ले आवश्यकतानुसार कर्मचारीलाई काजमा खटाउन सक्नेछ । यस्तो काज परिषद्को सदस्य सचिव वा तोकिएको अधिकृतले खटाउनेछ ।" भन्ने कानूनी व्यवस्था भएबाट त्यस्तो काज खटाउन पाउने अधिकार सदस्य सचिव वा तोकिएको अधिकृतलाई दिएको देखिने ।

त्यस्तै नियमावलीको नियम ४५ मा भएका कानूनी व्यवस्थाहरू हेर्दा कर्मचारीलाई सामान्यतया २ वर्षको अवधि तोकी सरूवा गर्न सकिने बिरामी हुँदा वा विभागीय कारवाही गर्नुपरेमा वा राख्न उपयुक्त नभएमा मात्र अवधि नपुग्दै सरूवा गर्न सकिने र कुनै विभाग कार्यालय/शाखामा राख्न उपयुक्त नभई सरूवा गर्दा स्पष्ट आधार र कारण खोल्नुपर्ने कानूनी व्यवस्था भएको देखिन्छ । निवेदकलाई कामकाज गर्ने गरी खटाइएको मिसिल संलग्न पत्रमा त्यस्तो कानूनबमोजिमको आधार कारण खुलाइएको नदेखिने ।

निवेदन दावीअनुसार सरूवा गरिएको नभई केही समयका लागि उक्त कार्यालयमा कामकाज गर्न खटाइएको भन्ने विपक्षीको लिखित जवाफ भए तापनि निवेदकलाई कामकाजमा खटाउनेसम्बन्धी पत्रमा के कति अवधिको लागि खटाइएको हो सो कुरा खुल्न सकेको देखिँदैन । निवेदक शाखा अधिकृत भएको र निजलाई खटाइएको कार्यालयमा सो पदको दरबन्दी भए नभएको एकिन नगरी सो निकायमा खटाइएको साथै विशेषरूपमा कामकाज गर्नका लागि अस्थायीरूपमा पठाएको भए सो कुरा कामकाजमा खटाउनेसम्बन्धी पत्रमा उल्लेख गरेको पनि पाइएन । उक्त पत्रमा राष्ट्रिय खेलकुद परिषद् कर्मचारी सेवा सर्तसम्बन्धी

नियमावली, २०६८ को कुन नियमअन्तर्गत सरूवा वा काज गरिएको भन्नेसमेत खुलाइएको नदेखिने।

कामकाज गर्न खटाइएको निकायमा निज निवेदकको के काम कर्तव्य र अधिकार हुने भन्ने नखुलाई पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति पोखराबाट कास्की जिल्ला खेदकुद विकास समिति, पोखरामा पठाउनुको औचित्य पनि उक्त पत्रमा खुलेको छैन। अत: कामकाजमा खटाउनेसम्बन्धी निर्णयमा राष्ट्रिय खेलकुद परिषद् कर्मचारी सेवा सर्तसम्बन्धी नियमावलीबमोजिमको आधार कारण र औचित्यबेगर अनिश्चित कालसम्म कामकाज गर्न खटाइएको कानूनसङ्गत् भन्न नमिल्ने हुनाले निवेदन मागबमोजिम विपक्षी राष्ट्रिय खेलकुद परिषद्को मिति २०६९।११।१३ को निर्णय एवम् पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७० साल असोज ६ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०८५३, उत्प्रेषण/परमादेश, *हरिबहादुर भट्टराई वि. स्थानीय विकास मन्त्रालय, पुल्चोक ललितपुरसमेत*

अर्थ मन्त्रालयको २०६८।१।१९ को पत्रानुसार विकास समिति एवम् अन्तर्गत नियुक्त भएका कर्चारीहरूका लागि तत्कालीन सेवा सर्तको अधीनमा रही सेवा उपलब्ध गराउने एवम् निजामती सेवाभन्दा बाहिरको सेवाका कर्मचारीहरूलाई अस्थायी वा म्यादी नियुक्तिमा यस्तो उपदान रकम नेपाल सरकारले उपलब्ध गराउन कानूनत: नमिल्ने भन्ने परिपत्र भएको देखियो। साथै कृष्णदेव यादव र नागेन्द्रप्रसाद अधिकारीलाई उपदानलगायतको सेवा सुविधा दिइएकाले निवेदकले पनि पाउनुपर्ने भन्ने रिट निवेदन दावी भएता पनि दुर्गम क्षेत्र विकास समितिको लिखित जवाफ हेर्दा कृष्णदेव यादव र नागेन्द्रप्रसाद अधिकारी अवकाश पाउँदाका बखत हाल प्रचलित दुर्गमक्षेत्र विकास समितिको कार्य सञ्चालनसम्बन्धी नियमावली, २०६५ जारी भइसकेको अवस्था नभएको सन्दर्भमा अर्थ मन्त्रालयको परिपत्रको आधारमा निजहरूलाई उपदान र उपचार खर्च उपलब्ध गराइएको तर यी निवेदक अवकाश हुँदा उक्त नियमावली लागू भैसकेकाले सो लागू भैसकेको नियमावलीको व्यवस्थाअनुसार निवेदकलाई सेवा सुविधा उपलब्ध गराउन नमिल्ने भन्ने लिखित जवाफ देखिँदा निवेदक र उल्लिखित व्यक्तिहरूबीचको कानूनी हैसियत समान नदेखिने।

दुर्गमक्षेत्र विकास समितिमा स्थायी र अस्थायी दुबै वर्गको कर्मचारीहरूको व्यवस्था भएको देखिन्छ। दुर्गमक्षेत्र विकास समितिको कार्य सञ्चालनसम्बन्धी नियमावली, २०६५ को नियम ९६(५) मा अस्थायी कर्मचारीको हकमा बिरामी भएमा उपचार खर्च पाउने विशेष व्यवस्था गरेको सन्दर्भमा त्यस्तो विशेष व्यवस्था गरेकोमा बाहेक स्थायी कर्मचारीले अवकाश पाई उक्त नियमावलीबमोजिम पाउने सेवा सुविधाहरू सबै अस्थायी कर्मचारीले पनि पाउने भन्न नमिल्ने।

नियमावलीको नियम १०३ मा

अवकाशपछि उपदान पाउनेसम्बन्धी व्यवस्था गर्दा उक्त नियमावलीको नियम ९६(५) मा जस्तो अस्थायी कर्मचारीको हकमा किटानी व्यवस्था गरेको पनि देखिँदैन । सो नियमावलीको नियम २६ अनुसार एकवर्षभन्दा बढी समयका लागि अस्थायी कर्मचारी नियुक्त गर्न मिल्ने देखिँदैन । अस्थायी कर्मचारीले उक्त नियम २६ को अधीनमा रही कार्य गर्नुपर्ने हुन्छ । दुर्गमक्षेत्र विकास समितिको कार्य सञ्चालनसम्बन्धी नियमावली, २०६५ लागू भएपछि यी निवेदकलाई मिति २०६६।१२।१६ देखि सेवाबाट हटाइएको भन्ने रिट निवेदनबाटै देखिएको हुँदा मन्त्रिपरिषद्को मिति २०६१।३।१० को निर्णयबमोजिम सुविधा उपलब्ध गराउनेसम्बन्धी भएको व्यवस्थाको सन्दर्भमा २०६५ सालमा नियमावलीले नयाँ व्यवस्था गरेकाले २०६१ सालको सो निर्णयको विषय यी निवेदकको हकमा आकृष्ट हुने नदेखिने ।

नियमबमोजिम पाउनुपर्ने उपदानलगायतको सुविधा पाउने कुरा बाहेक अमुक व्यक्तिलाई उक्त २०६५ सालको नियमपूर्वकको निर्णयको आधार बनाई निवेदन मागबमोजिम उपदान दिन मिल्दैन । अत: निवेदकको संवैधानिक तथा कानूनी अधिकारमा हनन् भएको नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७० साल असोज ६ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६८-WO-०५६०, उत्प्रेषण/परमादेश, *सखिचन्द्र शर्मा वि. स्थानीय विकास मन्त्रालय, पुल्चोकसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-१०१२, परमादेश, *श्यामसुन्दर गुप्ता वि. अध्यक्ष सुभाषचन्द्र नेम्वाङ, संविधानसभा/व्यवस्थापिका संसदको सचिवालयसमेत*

सामान्यतया कानून निर्मातृ शक्ति बोकेको व्यवस्थापिका संसद र देशको मूल कानूनको निर्माण गर्न गठन भएको संविधानसभाको हैसियत एवम् दुबैले गर्ने काम कारवाही समानस्तरको हो भन्न सकिँदैन । संविधान निर्माण गर्न गठित संविधानसभाको छुट्टै, विशेष र ऐतिहासिक महत्त्व रहने कुरालाई यहाँनेर बिर्सन मिल्दैन । व्यवस्थापिका संसदमा सभासदले मतदानमा भाग लिने कुराले भन्दा संविधानसभामा प्रस्तुत हुने विधेयकको छलफलमा हुने मतदानमा सभासदले भाग लिने कुराले पक्कै पनि ऐतिहासिक एवम् विशेष महत्त्व राख्ने हुन्छ । संविधानसभामा हुने मतदानमा प्रत्येक सभासदको मतको अर्थपूर्ण महत्त्व रहने कुरामा विवाद गर्नुपर्ने अवस्था पनि रहन्न । आफूलाई फौजदारी मुद्दाको अभियोग मात्रै लागेको र अदालतबाट दोषी प्रमाणित नभइसकेको अवस्था हुँदा संविधानसभाको बैठक र मतदानमा भाग लिन पाउनु पर्ने भन्ने रिट निवेदकको मागको सम्बन्धमा नेपाल जस्ता संवैधानिक परम्परा अपनाएका मुलुकमा हुने

गरेको अभ्याससमेतको अध्ययनबाट उपयुक्त निकास निकाल्न र संविधानसभामा पेस हुने विधेयकमाथि मतदान गर्नुपर्ने अवस्थामा कुनै विशेष व्यवस्था अपनाई मुद्दा पुर्पक्षको लागि थुनामा रहेको रिट निवेदक जस्ता व्यक्तिलाई मतदान गर्न दिने विषयमा उपयुक्त निर्णय गर्ने पूर्ण अधिकार संविधानसभालाई नै भएबाट उसको पूर्ण विशेषाधिकार रहेको विषयमा हस्तक्षेप गरेर यस अदालतबाट कुनै आदेश जारी गर्न मिल्ने अवस्थासमेत नरहने ।

रिट निवेदक संविधानसभामा मनोनित सभासद रहेकोमा विवाद देखिन्न । यी रिट निवेदक अपहरण तथा शरीर बन्धक मुद्दामा काठमाडौं जिल्ला अदालतको आदेशले पुर्पक्षका निम्ति थुनामा रहेको अवस्थासमेत देखिन्छ । पुर्पक्षको लागि थुनामा रहेको भए पनि आफ्नो सभासदको पद कानूनबमोजिम स्वत: निलम्बन भएको वा सदस्यता गर्ने संविधानसभासमेतबाट निष्कासित वा निलम्बित भएको अवस्था नरहेकाले आफूले संविधानसभाको सदस्यताको योग्यता गुमाई नसकेको हुँदा संविधानसभासमेतको बैठकमा उपस्थित भई मतदानलगायतको प्रक्रियामा भाग लिन पाउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाई दिन निवेदन गर्दासमेत संविधानसभाको अध्यक्षले सो सम्बन्धमा कुनै निर्णय नगरेकाले सो व्यवस्था गरिदिनु भनी विपक्षी संविधानसभा सचिवालयसमेतका नाउँमा परमादेश जारी गरिपाउँ भनी रिट निवेदक यस अदालतमा रिट लिएर प्रवेश गरेको देखिन्छ । माथि गरिएको विवेचनाबाट फौजदारी मुद्दाको पुर्पक्षको लागि न्यायिक हिरासतमा रहँदा उपभोग गर्न पाउने स्वतन्त्रतामा जनप्रतिनिधिमूलक संस्थाको सदस्य रहेको रिट निवेदक र अन्य सामान्य व्यक्तिको कानूनले भिन्नभिन्न व्यवस्था गरेको अवस्था देखिँदैन । यस्तो अवस्थामा सभासदको पद निलम्बन नभएकै भए पनि मुद्दा पुर्पक्षको लागि न्यायिक थुनामा रहेको अवस्था हुँदा अन्य थुनुवाभन्दा पृथकरूपमा निजले मुद्दामा थुनामा नबसेको सरह स्वतन्त्रतापूर्वक पूर्ववतरूपमा आफ्नो पदीय कार्य वा व्यवसाय सञ्चालन गर्न पाउनेछ भन्न नमिल्ने ।

मुद्दा पुर्पक्षको निम्ति थुनामा रहेका यी रिट निवेदकको संविधासभाको सदस्यता निलम्बन वा खारेज हुने कानूनी व्यवस्थाको अभाव रहेबाट सो कायमै रहेकोसमेत देखिन्छ । निजलाई संविधानसभाको बैठकमा भाग लिन वा मतदानमा भाग लिन दिने नदिने विषयमा नेपाल जस्तै संसदीय परम्परा बोकेका अन्य सभ्य राष्ट्रहरू (Civilized States) मा अपनाइएको व्यवस्थासमेतको अध्ययनबाट रिट निवेदकको हकमा आवश्यक र उपयुक्त व्यवस्था मिलाउनसक्ने पूर्ण अधिकार संविधानसभालाई नै भएको र त्यस्तो विषयमा निर्णय गर्ने कुरा संविधानसभाको विशेषाधिकारभित्रकै कुरा भएकाले संविधानसभाको त्यस्तो पूर्ण अधिकार रहेको कुरामा सीधै हस्तक्षेप हुने गरी यस अदालतले कुनै निर्णय दिनसक्ने अवस्थासमेत रहँदैन । साथै नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६४ बमोजिम संविधानसभाको निर्धारित अवधि नै मिति २०६९।२।१४ देखि व्यतीत भई संविधानसभा नै विघटन भइसकेको कुरा न्यायिक जानकारीमा आइसकेकै कुरा भएकाले रिट

निवेदकले माग गरेको जस्तो संविधानसभामा हुने मतदानमा निजलाई उपस्थित गर्ने गराउने स्थिति नै तत्काल विद्यमान नरहेकाले सो सम्बन्धमा आदेश जारी गर्नुको औचित्यसमेत समाप्त भएको देखिँदा यस अदालतबाट मिति २०६९।२।२ मा जारी भएको अन्तरिम आदेशबमोजिमको कुनै व्यवस्थासमेत गर्न गराउन नपर्ने भई रिट निवेदकको निवेदन खारेज हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७० साल जेठ २७ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०६६१, निषेधाज्ञा, *दिनेश सिंहसमेत वि. मेही ठाकुर लोहार*

विपक्षीको जग्गा सम्पत्तिसँग हाम्रो कुनै सरोकार नरहेकोले विपक्षीको जग्गामा हस्तक्षेप गर्ने अवस्था छैन भनी इन्कारी गरेको देखिए पनि विपक्षी मेही ठाकुरको एकलौटी हकभोगको जग्गाउपर दावीको जग्गाको लगाएको धानबाली लुटपीटतर्फको दावीमा कुनै प्रतिवाद गरेको देखिएन। विवादित कि.नं. ५७५ को जग्गा प्रत्यर्थी मेही ठाकुर लोहारका नाउँमा रहेको उक्त जग्गाको जग्गाधनी प्रमाणपुर्जाको छायाँप्रतिबाट देखिएको छ। यी पुनरावेदकहरूले लुटपीटका सम्बन्धमा सुरू लिखित जवाफमा लुटपीटका विषयमा अन्यथा उल्लेख गर्न नसकेको र विवादको विषय उक्त कि.नं. ५७५ को जग्गा खरिद बिक्रीको विषय भएको यस्तो स्थितिमा निवेदकले निवेदनमा उल्लेख गरेको व्यहोरा फरेबपूर्ण छ भनी अर्थ गर्न नमिल्ने।

कि.नं. ५७५ को जग्गामा प्रत्यर्थी/निवेदक मेही ठाकुर लोहारको निर्विवाद हकभोग रहेको देखिएको र हकभोगका सम्बन्धमा यी पुनरावेदकहरूले समेत स्वीकार गरिरहेको देखिन्छ। कि.नं. ५७५ को जग्गाका विषयलाई लिएर प्रत्यर्थी/निवेदकलाई धाकधम्की दिनसक्ने आशङ्का कायमै रहेको देखिँदा उल्लिखित आधारसमेत लिई निवेदकका नाउँ दर्ताको कि.नं. ५७५ को जग्गामा कुनै किसिमको बाधा अवरोध नगर्नु भनी यी पुनरावेदकहरूका नाउँमा निषेधाज्ञा जारी गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६८।१०।११ मा भएको आदेश मिलेकै देखिँदा सदर हुन्छ। निषेधाज्ञा जारी हुने होइन भन्ने पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CI-०३२१, अवैध निर्माण भत्काई खिचोला मेटाई चलन चलाईपाउँ, *नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसमेत वि. अरविन्दप्रसाद उपाध्याय*

प्रतिवादीको कि.नं. १५९ को दर्ता स्रेस्तामा ज.वि. ०-२-१ भएकोमा अदालतबाट भएको नक्सामा ज.वि. ०-२-०१/४ क्षेत्रफल देखिएको तथा विवादित जनिएको जग्गाको १ मिटर जग्गा प्रतिवादीको कि.नं. १५९ को जग्गामा रहे भएको देखिन आएको छ। वादीको

कि.नं. ४५६ को जग्गाको स्रेस्ताअनुसार ज.वि. ०-६-१३½ भएको अवस्थामा वादी दावीलाई अन्यथा भन्न मिलेन । प्रतिवादीको जग्गाको स्रेस्तामा उल्लेख भएको क्षेत्रफलमा अदालतबाट भएको नक्सामा अपुग देखिएको जग्गासमेत विवादित जग्गामा रहेको देखिँदा सो कटाई बाँकी रहेको विवादित जनिएको जग्गा वादीको कि.नं. ४५६ को दक्षिणतर्फको जग्गा देखिन आएबाट उक्त विवादित जग्गामा प्रत्यर्थीले खिचोला गरेको देखियो । वादी दावीमा उल्लिखित क्षेत्रफल भएको जग्गा प्रतिवादीको कि.नं. १५९ को जग्गामा देखिएको अवस्थामा पर्खालले छुट्ट्याएको भन्ने आधारमा मात्र वादीको जग्गामा प्रतिवादीले खिचोला नगरेको भन्न मिलेन । प्रतिवादीको कि.नं. १५९ को जग्गाको दर्ता स्रेस्तामा ज.वि. ०-२-१ मात्र भएकाले सोभन्दा बढी भएको जग्गा आफ्नो हो भन्ने पुनरावेदकको जिकिरलाई मनासिब भन्न नमिल्ने ।

नापी शाखा, बाँकेमा पेस भएको मिति २०६२।१०।४ को प्रतिवेदन र ऐ. मितिमा वादीले लिएको सो प्रतिवेदन र फिल्ड मुचुल्काको प्रतिलिपिलाई आधार मान्दा वादीको आफ्नो जग्गा नेपाल टेलिकम प्रा.लि. को जग्गामा परेको भन्ने जानकारी भएपछि जग्गा मिच्नेको महलको १८ नं. लाई आधार मानी फिराद दिएको अवस्थामा फिराद हदम्यादबाहिरको छ भन्न मिलेन । सरजमिनका मानिसहरूमध्ये दावीको जग्गामा कसैले १४ वर्षभन्दा अगाडि र कसैले २४/२५ वर्षअगाडिदेखि नै प्रतिवादीले निर्माण कार्य गरेको भनी उल्लेख गर्नुका साथै स्वयम् पुनरावेदकले ट्याङ्की, पाली आदिको निर्माण कार्य प्रतिवादीले कुन मितिमा गरेको भन्ने स्पष्ट जिकिर लिन नसकेको हुँदा अवैध निर्माण भत्काइपाउँन तर्फ लिएको दावी हदम्यादभित्रको छ भन्न पनि नमिल्ने ।

वादीको कि.नं. ४५६ को जग्गामा प्रतिवादीले खिचोला गरेको ठहर्‍याई प्रतिवादीको कि.नं. १५९ को जग्गाको दर्ता स्रेस्ताअनुसार क्षेत्रफल कायम हुने गरी बाँकी बढी भएको जग्गामा वादी दावीबमोजिम खिचोला मेटाई चलन चलाई पाउने र वादी दावीकै समयावधिमा घर टहरा निर्माण भएको नदेखिँदा घर बनाउनेको ११ नं. को हदम्यादभित्र फिराद नपरेकाले सो हदसम्म फिराद खारेज हुने गरी भएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।१।२७ को फैसला सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल कात्तिक २४ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-००११, निषेधाज्ञा, *सत्यनारायण यादवसमेत वि. भेजनारायण यादव*

निवेदन दावीको जग्गामा निवेदकले बाबु बाजेकै पालादेखि घरसमेतमा भोग चलन गरिरहेको भन्ने देखिन्छ । रिट निवेदकले निवेदनसाथ पेस गरेको स्रेस्ताबाट पनि उक्त जग्गामा निवेदकको घरवासको अस्तित्व देखिएको छ । विपक्षीहरूले लिखित जवाफमा निवेदन दावीको जग्गामा आफ्नो पनि भोग रहेको भनेकोबाट

निवेदन दावीबमोजिमको जग्गामा विपक्षीहरूले हस्तक्षेप गर्न खोजेको भन्ने नै देखियो । दावीको जग्गा आफूहरूको स्वामित्वको भए सोको सम्बन्धमा विपक्षीहरूबाट कुनै निस्सा प्रमाण पेस गर्नुपर्नेमा सो पनि पेस गरेको अवस्था मिसिलबाट देखिँदैन । यस्तो स्थितिमा निवेदकले पेस गरेको स्रेस्ताबाट घरवास देखिएको आधारबाट पुनरावेदन अदालतले घरको अस्तित्वसमेतमा कुनै दखल नगर्न विपक्षीहरूको नाउँमा निषेधाज्ञा जारी गरेकोलाई अन्यथा भन्न मिलेन । दावी जग्गामा निवेदक तथा विपक्षीहरूको बीचमा हक बेहकसम्बन्धी प्रश्न भए कानूनबमोजिमको निकायमा गई उपचार खोज्न सकिने नै हुँदा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

निवेदकको बसोवासको जग्गामा जबर्जस्ती प्रवेश नगर्नु, नगराउनु कुनै किसिमको घर निर्माण नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञा जारी गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।६।७।१ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । विपक्षीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६५-CI-०४३३, अंश छोडपत्रबमोजिम अंश हक कायम गरी दर्ता चलनसमेत, *सत्यदेवप्रसाद गोलदार वि. श्याम बिहारीप्रसाद गोलदारसमेत*

निष्क्रिय एवम् प्रभावशुन्य भएर रहेका अंश छोडपत्रका लिखतहरूको आधारमा यी पुनरावेदक वादीले प्रतिवादीहरूबाट हक कायम गराई लिन पाउने अवस्था रहन्छ भन्न मिल्दैन । समान अंशियारको अंश हकमा असर परेको भन्ने आधारमा अंशियारमध्येकै सिमित अंशियारहरूका बीचमा अंश मुद्दाको फैसला कार्यान्वयन नहुँदै सबै अंशियारहरूका बीचमा अंश लाग्नेमध्येकै जग्गामा अंश हक कायम मुद्दा गरी मिलापत्र गरेकोमा त्यस्तो मिलापत्र बदर हुने गरी अन्तिम फैसला भइसकेको अवस्थामा मिलापत्रकै उद्देश्य प्राप्त हुने गरी भएका अंश छोडपत्रका पारित लिखतहरूले समेत मान्यता पाउँछन् भन्न नमिल्ने ।

जुन कुरालाई मिलापत्र बदर मुद्दा अन्तिम भइसकेको नारायणी अञ्चल अदालतको २०४६।९।३ को फैसलाले गर्न नमिल्ने भनी रोकेको छ सोही कुरा नै २०४२।१०।२१ र २०४९।२।९ को अंश छोडपत्रले गरेको देखिन आएकाले प्रचलित न्यायिक मान्यताका सिद्धान्त एवम् भइरहेको अदालतको फैसलाविपरीत गरेको अंश छोडपत्रले कानूनी मान्यता प्राप्त गर्न नसक्ने भनी वादी दावी पुग्न नसक्ने ठहऱ्याएको सुरू पर्सा जिल्ला अदालतको मिति २०६१।१२।३ को फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६३।५।१२।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-१२७२, भ्रष्टाचार, *माणिकलाल बस्नेत वि. नेपाल सरकार*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यी पुनरावेदक प्रतिवादीले नक्कली प्रमाणपत्र बनाई पेस गरेको भनिएको सक्कलबमोजिम नक्कल ठीक छ भनी हस्ताक्षर गरेको विवादित प्रमाणपत्रसमेतमा यी प्रतिवादीको हस्ताक्षर रहेको भनी प्रमाणित नभएको र यी प्रतिवादीले नै पेस गरेको हो भनी स्पष्टरूपमा खुलाई अभियोग दावी लिन सकेको समेत देखिँदैन । यसरी विवादित प्रमाणपत्र यी प्रतिवादीले नै पेस गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा अभियोग दावीबमोजिम निजलाई कसुरदार कायम गर्नु न्यायोचित हुने नदेखिने ।

उल्लिखित तथ्य र प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीले दावीबमोजिमको नक्कली प्रमाणपत्र पेस गरेको भन्ने अभियोग माग दावी पुष्टि हुन आएको नदेखिँदा निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट भएको मिति २०६८।१२।२३ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी माणिकलाल बस्नेतले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल माघ ८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०५७६, ०६०१, कर्तव्य ज्यान, *भाग्यनारायण राउत वि. नेपाल सरकार, नेपाल सरकार वि. किसुनदेव राउतसमेत*

प्रतिवादी भाग्यनारायणले वारदात भएको तथ्यमा स्वीकार भई उक्त वारदातमा आफू घाइते भई घा जाँचसमेत गराएको भन्ने देखिन्छ । निजले मृतकको मृत्यु कसरी भयो भन्ने जानकारी नभएको भनी अदालतमा बयान गरे पनि निजको उक्त कथन तथ्यसङ्गत र प्रमाणसङ्गत नदेखिने ।

वारदातमा प्रतिवादी भाग्यनारायणले मौकामा साबित भै बयान गरेको कुरा निजको प्रहारबाट भएको मृतकको मृत्यु र शव परिक्षण प्रतिवेदन (Post Mortem Report) बाट समर्थित हुनुको साथै मृतक र प्रतिवादीबीच आपसमा भएका हानाहान प्रतिवादी भाग्यनारायणको घाजाँच रिपोर्ट र मौकामा कागज गर्ने शैलेन्द्र झा, विनोद झा, अजय मिश्र र अरविन्द मिश्रले अदालतमा समेत सो कुराको पुष्टि हुने गरी बकपत्र गरेबाट समर्थित हुन आएको र निजको संलग्नता पुष्टि हुन आएको देखिने ।

प्रतिवादीहरू वारदातस्थलमा रहेको कुरा अन्य कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि हुन

सकेको समेत देखिँदैन । मौकामा कागज गर्ने शैलेन्द्र झासमेतका व्यक्तिहरूले वारदातस्थलमा प्रतिवादी भाग्यनारायण बाहेक अन्य प्रतिवादीहरू किसुनदेव र राजनारायण रहेको भनी खुलाएको देखिँदैन भने प्रतिवादी राजनारायणका साक्षी बिकाउ राउत कुर्मी र लाल बिहारी राउतले प्रतिवादी राजनारायण वारदातको बेला लक्ष्मीपुर सुखचैनी गा.वि.स. मा रहेको भनी अदालतमा बकपत्र गरेबाट यी प्रतिवादीहरूले लिएको Alibi को जिकिर पुष्टि भएको देखिन्छ। यस्तो अवस्थामा यी प्रतिवादीहरूको वारदातमा सङ्लग्नता रहेको देखिएन । वारदातमा सङ्लग्नता नदेखिएपछि प्रतिवादीहरूउपर लिइएको ज्यानसम्बन्धीको महलको १३(४) नं. अनुसारको दावी र प्रतिवादी राजनारायणले चोरीको महलको १४(२) नं. बमोजिम कसुर गरेको भन्ने अभियोग दावीसमेत पुग्ने स्थिति नदेखिने।

प्रतिवादी भाग्यनारायण राउतउपर अभियोग माग दावीअनुसार ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सजाय हुने र प्रतिवादीहरू किसुनदेव र राजनारायणले अभियोग दावीबाट सफाइ पाउने ठहर्‍याएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।१।८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी भाग्यनारायणलाई अ.बं.१८८ नं. अनुसार १५ वर्ष मात्र सजाय हुने भनी व्यक्त गरिएको रायसमेत सदर हुने।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०४०८, उत्प्रेषण, *रामएकवाल यादव वि. नेपाल विद्युत प्राधिकरण*

निवेदकले मिति २०३१।१२।५ मा नेपाली नागरिकताको प्रमाणपत्र लिँदा जन्ममिति नखुलाई उमेर १८ वर्ष उल्लेख गरेको अवस्थामा निजको जन्ममिति २०१३।१२।५ कायम भई सो मितिबाट उमेरको गणना गर्दा मिति २०७१।१२।४ मा ५८ वर्ष पूरा हुने देखिन्छ । यसप्रकार निवेदकलाई मिति २०७१।१२।४ मा ५८ वर्ष उमेर पूरा हुने हुँदा मिति २०७१।१२।५ देखि लागू हुने गरी अवकाश हुन मिति २०७१।७।११ मा नेपाल विद्युत प्राधिकरणले गरेको निर्णय र सो निर्णयका आधारमा मिति २०१३।७।१३ मा निवेदकलाई प्रेषित पत्र कानूनसम्मत नै देखिन आउने।

नेपाल विद्युत प्राधिकरणको मिति २०७१।७।११ को निर्णय र २०७१।७।१३ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी शैक्षिक योग्यताको प्रमाणपत्रबाट कायम भएको जन्ममितिको आधारमा अवकाश हुने गरी कारवाही हुने आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-१०७५, अंश चलन, *निर्मलादेवी मेहता वि. ममताकुमारी मेहतासमेत*

वादी प्रतिवादीहरूबीच अंशबन्डा नभएकोमा मुख मिलेकै हुँदा सगोलको परिवारका जोसुकैको नाममा रहेको जग्गामा सगोलको सम्पत्ति नै मान्नुपर्ने भएबाट सगोलमा रहेको सम्पत्तिबाट अंशियारहरूले अंश पाउने नै हुँदा वादीहरूले पुनरावेदक प्रतिवादी निर्मलादेवीको नाममा दर्ता भएको उल्लिखित कित्ता जग्गाहरू ३ भाग लगाई १ भाग प्रतिवादी चन्द्रदेवमध्येबाट ८ भाग लगाई ७ भाग अंश पाउने नै देखिन आयो। साथै पुनरावेदक प्रतिवादीले पैतृक एवम् सगोलको सम्पत्ति नभई मैले आफूले आर्जन गरेको सम्पत्तिबाट निजी तवरले खरिद गरेको सम्पत्ति हुँदा स्त्री अंशधनको महलको ४ र ५ नं. एवम् अंशबन्डाको १८ नं. अनुसार बन्डा लाग्ने सम्पत्ति नभएको भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

माथिविवेचितआधारकारणहरूसमेतका आधारमा सुनसरी जिल्ला अदालतको फैसला केही उल्टी गरी निर्मलादेवी मेहताको नाम दर्ताको सुनसरी जिल्ला, घुस्की गा.वि.स. वडा नं. ३(ग) को कि.नं. १५६, १५७, १५९ को जग्गाहरूमा समेत ३ भाग लगाई सो ३ भागमध्ये प्रतिवादी चन्द्रदेव महतोको भागमा पर्ने १ भागलाई ८ भाग लगाई सोमध्येबाट वादीहरूले ७ भाग अंश चलन चलाई पाउने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।२।१ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गङ्गा के.सी.

इति संवत् २०७१ साल कात्तिक २८ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री दीपकराज जोशी,** ०६६-WO-०३७०, उत्प्रेषण, *कृष्ण कोइराला वि. धनुषा जिल्ला, जनकपुरधाम स्थित जनकपुर चुरोट कारखाना लिमिटेडको सञ्चालक समितिसमेत*

सजाय गर्न पाउने अधिकारी आफैंले कानूनबमोजिम स्पष्टीकरण लिई आफूले न्यायिक मनको प्रयोग गरी निर्णय गर्नुपर्नेमा सो नगरी सजाय दिने अधिकारीबाहेक अन्य अधिकारीबाट लिइएको स्पष्टीकरणलाई ग्रहण गरी मिति २०६५।०४।२९ मा जनकपुर चुरोट कारखाना लिमिटेडका महाप्रबन्धकबाट निवेदकलाई गयल खारेज गरेको निर्णय र सो निर्णयउपर पुनरावेदन सुनी पुनरावेदनको निवेदन खारेज गर्ने गरेको मिति २०६६।०६।२७ को कारखानाको सञ्चालक समितिको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।

निवेदकलाई कारखानाबाट वरिष्ठ सहायक (पाँचौं तह) बाट एक तह घटुवा गरेको कार्यलाई यस अदालतबाट मिति २०६४।०६।१६

को आदेशबाट सदर गरेको कुरा मिसिलबाट देखिन आएकाले निजलाई एक तहमुनि सहायक चौथो तह (अप्रा) को पद सेवामा पुन: बहाल गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७१ साल माघ २० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WO-०३३२, उत्प्रेषण, *सीतादेवी श्रेष्ठ वि. मृदुला श्रेष्ठसमेत*

निवेदक सीतादेवी श्रेष्ठको नाममा तामेल भएको पुनरावेदनको म्यादको तामेलीप्रति अवलोकन गर्दा एकाघरको उमेर पुगेको लोग्ने मानिस र स्वास्नी मानिस समेतले बुझ्न इन्कार गरेकाले निजका नाउँको म्याद साक्षीको रोहबरमा निजको घरदैलोमा सबैले देख्ने गरी टाँसी दिएको ठीक छ भनी साक्षीमा सोही वतनका दुईजना व्यक्ति राखी रोहबरमा सम्बन्धित वडाका सचिव एकनारायण अर्यालले सहीछाप गरी गा.वि.स. कार्यालयको छापसमेत लगाई प्रमाणित गरिदिएको देखिन्छ । तसर्थ मुलुकी ऐन, अ.बं.को महलको ११० नं. को देहाय (१) को व्यवस्था समेतको आधारमा सो म्याद रीतपूर्वक तामेल भएको देखिन आउने ।

उल्लिखित कानूनी व्यवस्था, तथ्य एवम् विवेचनासमेतको आधारमा रिट निवेदकले ठेगाना परिवर्तन भएको जानकारी काठमाडौं जिल्ला अदालतलाई मौकामा नै नदिएको र म्याद बुझ्न निवेदकका एक घर परिवारका कसैले पनि म्याद बुझ्न स्वीकार नगरेकाले मुलुकी ऐन, अ.बं. ११०(१) को रीत पुर्‍याई सम्बन्धित गा.वि.स.मा म्याद तामेल गरेको देखिन आयो । अत: रीतपूर्वक म्याद तामेल भएको देखिँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: रमेश रिजाल
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७१ साल मङ्सिर १२ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-१११८, उत्प्रेषण, *चिरीकाजी शाक्य वि. देवमुनि शाक्यसमेत*

रिट निवेदकसमेतले पुनरावेदनको म्याद बुझी उक्त खिचोला मेटाई निर्णय बदर मुद्दामा सो मुद्दाका प्रतिवादी रिट निवेदकको एकासगोलकी श्रीमती लक्ष्मी शाक्यसमेतले पुनरावेदन अदालत, पाटनमा पुनरावेदनपत्र दर्ता गरी सो अदालतबाट मिति २०७०।०४।२७ मा फैसलासमेत भइसकेको तथ्य मिसिल संलग्न पुनरावेदन अदालत, पाटनको फैसला समेतबाट देखिन आयो । तसर्थ रिट निवेदकले प्रस्तुत निवेदनसँग सम्बन्धित वास्तविक तथ्य लुकाएको देखिँदा निवेदक सफा हात लिई अदालत प्रवेश गरेको देखिन नआउने ।

निवेदक सफा हात लिई अदालतमा प्रवेश गरेको नदेखिनुका साथै प्रस्तुत निवेदनको

औचित्यसमेत समाप्त भएको देखिँदा निवेदन मागबमोजिम मिति २०६८।१२।२७ को तामेली म्याद एवम् मिति २०६९।६।७ को ललितपुर जिल्ला अदालतको फैसला बदर हुनुपर्ने अवस्थाको विद्यमानता रहेको देखिन नआएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल मङ्सिर १२ गते रोज ६ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री दीपकराज जोशी,** ०६७-CR-००९२६, कर्तव्य ज्यान, *भिख्खु थारू वि. नेपाल सरकार*

प्रतिवादीको बयान तथा सङ्कलित अन्य सबुद प्रमाणबाट मृतकलाई मार्नुपर्ने पूर्व रिसइवि नदेखिए तापनि छिटोछिटो झार गोड्न भनेकोमा श्रीमतीले नमानी ठूलोठूलो स्वरमा चुप लाग भनी पुनरावेदकलाई झपारेका कारण पुनरावेदक प्रतिवादी आवेशमा आई साथैमा रहेको हसिया मृतकमाथि प्रहार गरी मृतक अनारकलीको मृत्यु भएको मिसिलबाट देखिएको अवस्थामा पुनरावेदक प्रतिवादीको यस प्रकारको कानूनप्रतिकूलको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. अन्तर्गत पर्न आउँछ भन्ने पुनरावेदक प्रतिवादीको जिकिर कानूनसम्मत देखिन नआउँदा सुरू रूपन्देही जिल्ला अदालतले पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको मिति २०६७।६।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

पुनरावेदक प्रतिवादीको बयान तथा मिसिल संलग्न अन्य कागजातहरूबाट समेत मृतकलाई मार्नुपर्ने पूर्वयोजना तथा रिसइवि र कारणसमेत भएको देखिएन। खेतमा सँगै रही काम गर्दै कुराकानीका क्रममा मृतकको व्यवहारको कारण तत्काल रिस उठी मृतकलाई हसिया प्रहार गर्दा उपचारको क्रममा मृत्यु भएको हो भनी अनुसन्धान अधिकारी तथा अदालतमा समेत एउटै व्यहोरा उल्लेख गरी प्रतिवादीले न्याय सम्पादन कार्यमा समेत सहयोग गरेको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिन आयो। तसर्थ पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय भई सर्वस्व नहुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००३८, बन्दीप्रत्यक्षीकरण, *श्यामकुमार राजकार वि. कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंसमेत*

दण्ड सजायको महलको ४१ नं. को

व्यवस्था विशुद्ध कैदको लगत असूलसँग मात्र सम्बन्धित रहेको देखिन्छ । एकै मानिसलाई एकै वा धेरै मुद्दाको फैसलाले लागेको कैद सजायको धेरै कलमको कैद असुल गर्नुपर्दा कैद खापिने, गाभिने र ठूलो कलमको कैद मात्र असुल गर्नुपर्ने व्यवस्था उक्त नं. मा रहेभएको देखिन्छ । प्रस्तुत रिट निवेदन विशुद्ध कैद असुलसँग सम्बन्धित रहेको देखिँदैन । अपितु फैसलाले लागेको जरिवाना नबुझाएबापत हुने कैदसँग सम्बन्धित छ । विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गत निवेदकउपर चलेका विदेशी विनिमय मुद्दाहरूमा भएका फैसलाले लागेको जरिवाना भुक्तानी नगरेबापत हाल निवेदक विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(८) अनुरूप र दण्ड सजायको महलको ३८ नं. बमोजिम थुनामा रहेको देखिँदा दण्ड सजायको महलको ४१ नं. बमोजिम दुबै जरिवानाबापतको कैदको कलम खापिनुपर्दछ भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा पहिले भुक्तान भैसकेको कैदको अवधिसमेत गणना गरिपाउँ भन्ने निवेदन माग दावी पुग्नसक्ने देखिएन । यसबाट निवेदकको हालको थुना कानूनबमोजिमकै देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७१ साल पुस २८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CI-०१७७, अंश, *सन्तराम कुर्मी वि. राजकुमार कुर्मी*

वादी सन्तरामले मिति २०५९।८।१८ मा सुरू अदालतमा गरेको कागजमा आमा सूर्यमति जीवित नै रहेको भनी स्पष्ट उल्लेख गरेको अवस्थामा मिसिलबाट समेत देखिन आएको सरोकारवाला (अंशियार) व्यक्ति निज सूर्यमतिलाई बुझी इन्साफ गर्नुपर्नेमा नबुझी अदालतले आफ्नो जिम्मेवारी बहन नगर्ने, नाता सम्बन्धको निर्णायक प्रमाण नबुझ्ने अनि फिरादपत्रका कमीकमजोरी मात्र देखाई सो आधारमा नकारात्मक धारणा बनाई नाता सम्बन्ध जस्तो व्यक्तिको स्थिति (Status) मा नै प्रभाव पर्ने गरी फैसला गर्ने कार्यलाई न्यायिक जिम्मेवारी बोधको अभाव भन्नुपर्छ । यसमा पुनरावेदन र सुरू अदालतका न्यायकर्ताबाट गम्भीर लापरवाही भएको मान्नुपर्ने ।

आफू काशीरामको एक मात्र छोरा भनी प्रतिवादीले नितान्त झुट्ठा कुरा गरेको अवस्थामा प्रतिवादीको अरू कथनमा विश्वास गर्न यो इजलासलाई असजिलो भएको छ । राजकुमारका दाजु रामलखन के भए त, निजको विवाह भयो भएन, निजबाट सन्तान जन्म्यो जन्मेन जस्ता यावत कुरालाई प्रतिवादीले लुकाउन दबाउन खोजेको स्थिति छ भने अर्कोतिर वादी आफू निजै रामलखनको छोरा भएको भनेर सर्जमिन र मतदाता नामावलीलगायतका निश्चयात्मक प्रमाणका साथ उपस्थित भएको स्थिति विद्यमान छ । प्रतिवादीको भ्रामक अनि ठाउँठाउँमा श्रृङ्खलाको कडी खुस्केको निजको सन्देहास्पद अभिकथनलाई आधार बनाई वादीलाई बाबु

आमाको अत्तोपत्तो नभएको अवैध व्यक्ति भन्नु कदापि मनासिब नहुने।

प्रस्तुत मुद्दामा निर्णयको लागि केन्द्रित हुनुपर्ने विषयवस्तुमा केन्द्रित नरही वादीबाट भएका सामान्य त्रुटिहरूलाई निर्णायक महत्त्व दिई सो आधारमा वादीको वंशावली नै लोप गरी वादी दावी नपुग्ने ठहर्‍याएको कपिलवस्तु जिल्ला अदालतको मिति २०६०।१२।२२ को र त्यसैलाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६२।१।१९ को फैसला मिलेको नदेखिँदा ती फैसलाहरू उल्टी हुने।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल माघ २० गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-०१२३, जालसाजी, *सन्तराम कुर्मी वि. राजकुमार कुर्मीसमेत*
- ०६७-CR-०१२४, जालसाजी, सन्तराम कुर्मी वि. राजकुमार कुर्मीसमेत
- ०६७-CI-०१७८, बन्डापत्र बदर, *सन्तराम कुर्मी वि. राजकुमार कुर्मीसमेत*
- ०६७-CI-०१७९, मिलापत्र बदर, *सन्तराम कुर्मी वि. राजकुमार कुर्मीसमेत*

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०६८१, जबर्जस्ती करणी उद्योग, *मानसिंह कार्की वि. नेपाल सरकार*

यथावत यात्रु चढेको नियमित तवरबाट चलेको बस नभई खाली बसमा दुई नाबालिकासमेतलाई जबर्जस्ती बसमा चढाउने कार्य र बीच बाटोमा पीडिताको दाजुलाई बसबाट जबर्जस्ती ओराल्ने कार्य यौन दुर्व्यवहारसम्मको नियतले मात्र भयो भन्ने नमिल्ने।

जबर्जस्ती करणीको प्रयास भइसकेको अवस्थामा प्रस्तुत वारदात आसय करणीको १ नं. मा मात्र सीमित रहेको मान्न नमिली जबर्जस्ती करणीको ५ नं. बमोजिमको जबर्जस्ती करणीको उद्योगको वारदात देखिन आयो । प्रस्तुत वारदातमा पीडिताहरू मध्येकी दीपा साउद घटनास्थलबाट भाग्न उम्कन सफल भएकी र यी पीडिताको उमेर १२ वर्ष मात्र रहेको देखिँदा जबर्जस्ती करणीको ३(२) र (५) नं. बमोजिम जम्मा कैद वर्ष ८ को आधा अर्थात् ४ वर्ष कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६९।२।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल पुस २७ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०३७१, डाँका चोरी, *नेपाल सरकार वि. लालबहादुर चन्द*

लालबहादुर चन्दको घरकोठा खानतलासी गर्दा निजको घरकोठाबाट जाहेरीमा

उल्लिखित चोरीका सामान बरामद भएको देखिँदैन । त्यसैगरी यी प्रतिवादी लालबहादुर चन्द तत्काल पक्राउ परेको अवस्था पनि छैन भने निजले अदालतमा उपस्थित भई बयान गर्दा आरोपित कसुरमा पूर्णत: इन्कार रही बयान गरेको देखिन्छ । उपरोक्त परिस्थितिको विद्यमानता रहेको प्रस्तुत वारदातमा सह प्रतिवादी राजु शाहीले डाँका चोरी गरी ल्याएको सामान ससुरा लालबहादुर चन्दलाई राख्न दिएको भन्ने भनाई बाहेक प्रतिवादीको वारदातमा संलग्नता भएको भन्ने कुनै पनि अन्य घटनाक्रमबाट पुष्टि हुन आएको नदेखिएकाले डाँका चोरी जस्तो गम्भीर फौजदारी अपराधमा दोषी करार गरी सजाय गर्नु न्यायोचित नहुने।

प्रतिवादी राजु शाहीलाई धेरैवटा वारदातमा केवल प्रथम पटक कायम गरी सजाय गरिएको मिलेको छैन भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको सन्दर्भमा हेर्दा यी प्रतिवादीहरूले एकै रातमा विभिन्न वारदात घटाएको लगाउका डाँका चोरी मुद्दाहरूसमेतबाट देखिन आएको छ। एकै दिनमा एउटै वारदातको सिलसिलामा भएका घटना वारदातलाई पटकपटक कायम गरी सजाय गर्न मिल्ने हो होइन भन्ने सन्दर्भमा यस अदालतबाट नेकाप २०४१, निर्णय नं. २२१५, पृष्ठ ११९९ को मुद्दामा एकै मितिमा एकै रातमा एउटै वारदातको सिलसिलामा डाँका भएको देखिएकोलाई दोस्रो पटक डाँका गरेको कायम गर्न मिल्दैन भन्ने सिद्धान्त स्थापित भएको देखिँदा उक्त नजिर सिद्धान्त प्रस्तुत मुद्दामा समेत आकर्षित हुने देखिँदा सोही आधारमा पुनरावेदन अदालत, पोखराले पहिलो पटक कायम गरी सजाय गरेको फैसलालाई अन्यथा मान्न नमिल्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक ९ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-०३५७, डाँका चोरी, *नेपाल सरकार वि. राजु शाहीसमेत*
- ०६७-CR-०३५८, डाँका चोरी, *नेपाल सरकार वि. राजु शाहीसमेत*
- ०६७-CR-०३५९, डाँका चोरी, *नेपाल सरकार वि. राजु शाहीसमेत*
- ०६७-CR-०३६०, डाँका चोरी, *नेपाल सरकार वि. राजु शाहीसमेत*
- ०६७-CR-०३६२, डाँका चोरी, *नेपाल सरकार वि. राजु शाहीसमेत*
- ०६७-CR-०३६१, डाँका चोरी, *नेपाल सरकार वि. राजु शाहीसमेत*

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री दीपकराज जोशी,** ०६५-CR-०५४५, बहुविवाह, *नेपाल सरकार वि. राजु गुरूङ*

जेठी श्रीमती प्रस्तुत मुद्दाकी जाहेरवाली सरस्वती गुरूङले प्रस्तुत मुद्दाका प्रतिवादी राजु गुरूङसमेतउपर ०६३।०५।०४ मा नै सम्बन्ध विच्छेद र अंश मुद्दा दिएको र अंशवापत रू. ५०००।– बुझी सम्बन्ध विच्छेद हुने गरी मिति २०६४।०२।१५ मा मिलापत्र भएको प्रमाणमा

आएको फौ.नं. २७४ को प्रमाण मिसिलबाट देखिन्छ भने बहुविवाहको जाहेरी २०६३।०५।२८ मा पर्न आएको देखिन्छ । सम्बन्ध विच्छेद मुद्दामा मिलापत्र हुनुभन्दा अगाडि नै गरेको बहुविवाहको कसुरमा प्रतिवादीलाई सजाय छुट दिन मिल्ने होइन भनी लगाइएको अभियोग माग दावीअनुसार सजाय गर्ने हो भने मुलुकी ऐन, बिहावारीको ९ नं. र १० नं. को कानूनी व्यवस्थाको मर्म र भावनाविपरीत हुन जाने ।

जुन वैवाहिक सम्बन्धले दाम्पत्य जीवन सुखमय हुन सक्दैन र दुबै अलगअलग भई बस्न चाहन्छन् भने अब प्रतिवादीलाई सजाय गर्नको लागि समयमा नै जाहेरी नगरी फिराद गरिसकेपछि जाहेर गरेको अवस्थामा प्रतिवादीले कसुर गरेको कायम गरी सजाय गर्दा पछि भएको वैवाहिक जीवनलाई समेत असर पर्न जाने देखिन्छ । घरमा जेठी श्रीमती छ भन्ने जान्दाजान्दै विवाह गर्नेलाई कानूनले छुट दिँदैन । वैवाहिक दाम्पत्य जीवनलाई जीवन्तता दिन पत्नीले पनि पतिलाई छोडी बस्ने छुट हुँदैन । ३ वर्ष भन्दा लामो समयसम्म छोडेको भन्ने पनि सम्बन्ध विच्छेदको आधार हुन सक्छ तर विवाह गर्ने प्रयोजनमा यसले आधार सिर्जना गर्न सक्दैन । तथापि प्रस्तुत मुद्दामा जेठी श्रीमतीले पतिसँग अलग बस्न अंश मुद्दाको फिराद दिइसकेपछि लोग्नेले दोस्रो श्रीमती ल्याएको भन्ने आधारमा जाहेरी दिनु सजाय गराउने प्रयोजन मात्र रहेको देखिन्छ । आफू अलग भै बस्ने मनसुबाले अंश मुद्दा दिएपश्चात् बहु विवाहमा जाहेरी गरेको देखिँदा अभियोग दावीबमोजिम प्रतिवादीलाई सजाय गर्ने आधार खडा हुन नसक्ने ।

प्रस्तुत मुद्दामा जाहेरवालीले माइतीमा बस्नुपर्ने कारण नै पतिले दोस्रो विवाह गरेको वा गर्ने प्रयत्न गरेको वा सौताको कारणबाट हो भन्ने देखाउन सकेको समेत पाइँदैन । पति पत्नीका बीचमा मनोमालिन्यताको कारण सौता हो भन्ने नभएपछि र अंश मुद्दा दिँदाको अवस्थामा त्यस कुरालाई उल्लेख नगरी अंश मुद्दा दिइसकेपछि जाहेरी गरेको हुँदा त्यस्तो जाहेरीबाट प्रतिवादीहरूलाई सजाय गर्दै जाने हो भने मानिसका लागि अत्यावश्यक दाम्पत्य जीवनको व्यवस्थालाई नै खतरा उत्पन्न हुन जान्छ । कानूनले सबै कार्य निषेधित गर्दैन कानून पनि समाजकै व्यवस्थाको पक्ष हो भन्ने मान्नुपर्ने ।

बहुविवाह मुद्दामा जहिले पनि नालिस गर्न पाउने भन्ने हुन सक्दैन । कानूनले हदम्याद तोक्नुको उद्देश्य समाजमा शान्ति र व्यवस्था कायम गर्नका लागि नै हो । यसले न्यायिक अनिश्चितता अन्त्य गर्दै आफ्नो हक अधिकार प्राप्त गर्नका लागि जागरूक बनाउने गर्दछ । बहुविवाह मुद्दामा पनि हदम्याद सम्बन्धमा व्यवस्था गर्नुको उद्देश्य जहिलेसुकै मुद्दा दायर गर्न सकिने भनी अर्थ गर्न मिल्दैन । यसै सन्दर्भमा पुनरावेदक कमलमोहन चापागाईं विरूद्ध नेपाल सरकार भएको नेकाप २०६८, अङ्क ११, नि.नं. ८७१६ को बहुविवाह मुद्दामा जहिले पनि नालिस लाग्छ भनी सोच्नु वा अर्थ गर्नु भनेको बिहावारी ऐनको हदम्यादसम्बन्धी कानूनी व्यवस्था र यसको उद्देश्यलाई र विधायिकाको मनसायलाई पनि पराजित गर्नु हो भन्ने सिद्धान्तसमेत स्थापित

भएको देखिने।

प्रतिवादी राजु गुरूङउपर जेठी श्रीमतीले सम्बन्ध विच्छेद र अंश मुद्दा दिइसकेपछि प्रस्तुत मुद्दाको जाहेरी दिएकी र सम्बन्ध विच्छेद हुने गरी मिलापत्रसमेत भइसकेको एवम् उल्लिखित यस अदालतबाट हदम्यादको सीमा सम्बन्धमा प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा प्रतिवादीलाई सजाय गर्न न्यायोचित नहुने हुँदा सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।०४।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक ९ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-००६५, ०२२३, ०२३४, ००६९, RC-००६९, कर्तव्य ज्यान, *नरेश श्रेष्ठ वि. नेपाल सरकार, अनिल गुरूङ वि. नेपाल सरकार, पुरण गुरूङ वि. नेपाल सरकार, नेपाल सरकार वि. सुनिल काराखेती*

प्रतिवादी नरेश श्रेष्ठ, अनिल गुरूङ र पुरण गुरूङको हकमा विचार गर्दा प्रतिवादीहरूलाई सुरू कास्की जिल्ला अदालतले ५ वर्षसम्म कैद हुने राय व्यक्त गरेको देखिन्छ भने पुनरावेदन अदालत, पोखराले १०(दश) वर्ष कैद गर्ने गरी राय व्यक्त गरेको देखिन्छ । मिसिल संलग्न कागजातहरूको समग्र अध्ययनबाट निजहरू १७/१८ वर्षको कलिलो उमेरका देखिन्छन् । आफ्नो मनस्थितिलाई सम्हालेर राख्न नसक्ने तत्काल भावावेशमा आउन सक्ने उमेरका देखिन्छन् । घटनाको परिस्थिति हेर्दा पनि अघिल्लो दिनको घटनालाई सोधपुछ गर्न भनी बोलाई त्यत्तिकै तिमी पुनटोलका केटा होइनौ भनी लात्ती मुक्काले हानेको भन्ने देखिन आएको छ। घटनाको समग्र अवस्थाको मूल्याङ्कनबाट पटके र पेशेवर अपराधी हुन् भनी अर्थ गर्न पनि मिल्ने नदेखिने।

अपराधमा कुनै त्यस्तो योजना पनि छैन। कुनै षड्यन्त्रमूलक ढङ्गले अपराध घटाएको पनि देखिँदैन । कलिलो उमेरका भएकाले पटके र पेशेवर अपराधीलाई जस्तो कठोर सजाय गर्दा न्यायप्रतिको सद्भाव हराउन जान्छ । पेशेवर अपराधीलाई जस्तो कठोर नजरले हेर्दा फौजदारी न्यायको मर्म र भावनाविपरीत हुन जान्छ। मार्नुपर्ने पूर्व रिसइबि पनि नभएको सुनिल बाहेक अन्य प्रतिवादीहरूले मार्नुपर्ने मनसायबाट प्रहार गरी घाउचोट पारेको नदेखिएको प्रतिवादीहरू १७, १८ वर्षका कलिला अवस्थाका देखिन आएको हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ६ गर्दा सजायको मकसद पूरा हुने नै देखिने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस १४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WH-००६०, बन्दीप्रत्यक्षीकरण, *महेन्द्रकुमार ठकुरी भन्ने दिपक मल्ल, लालबहादुर वि.क., देवीप्रसाद ढकाल, कर्णबहादुर थापा, बलबहादुर सुनार तथा एउटै व्यक्ति बलबहादुर वि.क. वि. कारागार कार्यालय, जगन्नाथदेवल त्रिपुरेश्वर काठमाडौंसमेत*

निवेदक मिति २०५२।४।१० देखि थुनामा रहेको भन्ने निवेदन तथा लिखित जवाफ व्यहोरासमेतबाट देखिन्छ । गुरूदत्त उपाध्याय पौडेलको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी बलबहादुर कामी भएको कर्तव्य ज्यान मुद्दामा निवेदकलाई सर्वस्वसहित जन्मकैद गर्ने गरी पर्वत जिल्ला अदालतबाट भएको फैसला साधक सदर हुने ठहर्‍याई यस अदालतबाट मिति २०५१।७।२८ मा फैसला भएको भन्ने उक्त मुद्दाको मिसिलबाट देखिइरहेको अवस्था छ । निवेदक कर्तव्य ज्यान मुद्दामा कैदमा बसेको नदेखिँदा निजलाई सो कर्तव्य ज्यान मुद्दामा लागेको कैद अवधि नै भुक्तान हुन बाँकी रहेको भन्ने देखियो । व्यक्तिलाई गैरकानूनीरूपमा थुनामा राखेको अवस्थामा मात्र बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

निवेदकलाई माथि उल्लेख गरिएका मुद्दाहरूमा अदालतबाट लागेको कैद असुलीको क्रममा कैदमा राखिएको र अदालतको फैसलाले लागेको कैद असुल हुन बाँकी रहेको देखिँदा अदालतको फैसलाले लागेको कैद असुलीको क्रममा कैदमा रहेका यी निवेदकको हकमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: सन्जय घिमिरे

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-१२२७, निषेधाज्ञा, *विजय सागर तुलाधर वि. गङ्गाराम खड्गी*

निवेदकले मिति २०६३।११।१ मा विपक्षी डबलकाजी तुलाधरसित सम्झौता गरी १ वर्षका लागि भाडामा लिएकोमा सम्झौताको अवधिसम्म मात्र विपक्षीका नाउँमा उक्त आदेश कायम रहनेमा सो १ वर्षको समय व्यतीत भएपछि कानूनबमोजिम निवेदकलाई आफ्नो जग्गाबाट कारवाही चलाई उठाउन पाउनेमा तत्काल त्यस्तो कारवाही नचलाई निवेदकलाई बस्न दिइरहेको र विपक्षीले बहाल बुझाई पाउँ भनी दिएको मुद्दा मिति २०६९।३।२४ मा फैसला भएपछि मात्र असम्बन्धित निकाय (जिल्ला प्रशासन कार्यालयसमेत) मा निवेदन दिई दावीको जग्गाबाट निवेदकलाई उठाउन कारवाही चलाएको देखिएको कारणबाट विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी भएको देखिएको अवस्था हुँदा सम्झौतापछि असम्बन्धित निकायमा दिएको निवेदनका आधारमा निषेधाज्ञाको आदेश जारी भए पनि घरबहाल बुझाई पाउँ भन्ने मुद्दा नै मिति २०६९।३।२४ मा फैसला भैसकेको अवस्थामा अनन्तकालसम्म पुनरावेदन अदालत, पाटनबाट दिएको निषेधाज्ञाको आदेश जारी रहनसक्ने अवस्था रहेन । तसर्थ तत्काल अन्तरिम आदेशको निरन्तरता दिई निषेधाज्ञाको आदेश जारी भए पनि बहाल बुझाई पाउँ भन्ने मुद्दाबाटै

कानूनबमोजिमको निकासा लिनुपर्ने देखिएकाले निषेधाज्ञाको आदेश अब प्रयोजनहीन भै निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा उक्त सम्झौताको अवधिसम्मको लागि मात्र पुनरावेदन अदालत, पाटनबाट दिएको मिति २०६९।६।१७ को आदेश सदर हुने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल असोज ५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-००४४, उत्प्रेषण/परमादेश, *पुरनबहादुर ऐर वि. श्री वैदेशिक रोजगार न्यायाधिकरण, घट्टेकुलो काठमाडौं*

कार्यालय सहयोगीको पद कुन श्रेणीको पद हो र कार्यालय सहयोगीलाई रोहबरमा राखी म्याद तामेल गर्न सकिने हो होइन भन्ने सम्बन्धमा निजामती सेवा ऐनमा भएको कानूनी व्यवस्थालाई हेर्नुपर्ने हुन्छ । सो सम्बन्धमा निजामती सेवा ऐन, २०४९ मा भएको व्यवस्था हेर्दा कार्यालय सहयोगीको पदलाई श्रेणीविहीन पदको रूपमा वर्गीकरण गरेको देखिन्छ । मुलुकी ऐन, अ.बं. ११० नं. को कानूनी व्यवस्थालाई थप प्रभावकारी बनाउन जिल्ला अदालत नियमावली, २०५२ को नियम २२(ग) मा केही फराकिलो व्यवस्था गरिएको हो र उक्त व्यवस्थाले म्याद तामेल गर्न जाँदा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा सचिव भेट्टाउन नसकेमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा रहेका सरकारी अड्डाका कम्तीमा राजपत्र अनङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारी रोहबरमा राख्न सकिने छ भन्ने व्यवस्था रहेको देखिन्छ । उक्त व्यवस्थाले कम्तीमा राजपत्र अनङ्कित श्रेणीको पदमा सरकारी कार्यालयमा कार्यरत रहेको सरकारी कर्मचारी हुनुपर्ने गरी बाध्यात्मक व्यवस्था गरेको पाइन्छ । उपर्युक्त व्यवस्था गा.वि.स. मा सचिव एवम् गा.वि.स.को सदस्य फेला नपरेको अवस्थामा म्याद तामेल गराउन सजिलो होस् भनी गरिएको वैकल्पिक व्यवस्था मात्र हो । गाउँ विकास समितिको सचिव र वडा सदस्यलाई मात्र प्राप्त अधिकार गाउँ विकास समितिको कार्यालयमा काम गर्ने कार्यालय सहयोगीलाई प्राप्त हुन्छ भनी अर्थ गर्नु न्यायसङ्गत् हुँदैन । यस प्रकार मुलुकी ऐन, अ.बं. ११० नं. तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम २२(ग) मा भएको व्यवस्थाअनुरूप नै प्रस्तुत मुद्दामा म्याद तामेल भएको रहेछ भन्न नमिल्ने ।

यी प्रतिवादीलाई मिति २०६७।१२।१६ मा तामेल गरिएको म्यादमा मुलुकी ऐन, अ.बं. ११० नं. को देहाय २ एवम् जिल्ला अदालत नियमावली, २०५२ को नियम २२(ग) तथा यसै अदालतबाट *नेकाप* २०४३, अङ्क २, नि.नं. ३०१० मा प्रतिपादित कानूनी सिद्धान्तसमेतको त्रुटिगरी भएको देखिँदा उक्त मिति २०६७।१२।१६ को म्याद तथा कानूनबमोजिमको म्याद तामेल नगराई गरिएको मिति २०६९।१।३१ को विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणको फैसला

उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: सन्जय घिमिरे

इति संवत् २०७१ साल कात्तिक १४ गते रोज ६ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री ओमप्रकाश मिश्र,** २०६८-CR-०२५१, जबर्जस्ती करणी, *भक्तबहादुर कटुवाल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अनुसन्धान अधिकृत र सुरू अदालतसमक्ष एकै मिलानको बयान गरेको देखिँदा जाहेरी दरखास्तलाई घटनास्थल प्रकृति मुचुल्का, स्वास्थ्य परीक्षण प्रतिवेदन, मौकामा बुझिएका पीडित तथा अन्य मानिसको बकपत्र, प्रतिवादीको अदालतसमक्ष स्वेच्छापूर्वक भएको बयानसमेतका स्वतन्त्र सबुद प्रमाणहरूबाट जाहेरी दरखास्तमा उल्लिखित व्यहोरा समर्थित भइरहेको देखिने ।

पुनरावेदकले यस अदालतमा दिएको पुनरावेदनपत्रमा अधिकारप्राप्त अधिकारीसमक्ष आफूले गरेको बयान सत्य होइन भनी सुरू अदालतसमक्ष गरेको बयानमा उल्लेख गरेको भनी जिकिर लिए तापनि मिसिल संलग्न अनुसन्धान अधिकृत तथा अदालतसमक्ष भएको बयान कागजबाट उपर्युक्त तथ्य स्थापित हुन सकेको नदेखिने ।

पुनरावेदक प्रतिवादीले अनुसन्धानको क्रममा लेखिदिएको बयान समर्थित हुने नै गरी अदालतसमक्ष बयान गरेको देखियो । यस्तो बयानलाई निजका विरूद्धमा प्रमाणमा लिन हुने भनी प्रमाण ऐन, २०३१ को दफा ९(१) मा कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा यी प्रतिवादीको साबिती वयान निजका विरूद्धको प्रत्यक्ष प्रमाणको रूपमा रहेको देखिने ।

पुनरावेदक प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान साँचो हो भनी अदालतसक्ष आरोपित कसुर गरेकोमा साबित रही बयान गरेको तथा पीडितको मौकामा भएको कागज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, मौकामा कागज गर्ने पीडितलगायत अन्य व्यक्तिहरूको अदालतमा भएको बकपत्रसमेतबाट आरोपित यी प्रतिवादी भक्तबहादुर कटुवाल कसुरमा संलग्न रहेको भनी यी प्रतिवादीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(२) नं. बमोजिम कैद वर्ष १०(दश) र पीडित सीता शाहीलाई निजबाट रू. १,००,०००।– (एकलाख) क्षतिपूर्ति भराइदिने ठहर गरेको सुरू दैलेख जिल्ला अदालतको फैसला सदर गर्ने पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।१।१३ को फैसला मिलेकै देखिने ।

विवेचित आधार र कारणबाट सुरू दैलेख जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६८।१।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: चन्द्रप्रकाश तिवारी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल मङ्सिर २४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-CR-००२९, ०४९७, कर्तव्य ज्यान, *एनस भन्ने प्रकाश राई वि. नेपाल सरकार, नेपाल सरकार वि. एनस भन्ने प्रकाश राईसमेत*

प्रतिवादीमध्येका एनस भन्ने प्रकाश राइले वारदातमा संलग्न भएको भनी अनुसन्धान अधिकारी तथा अदालतसमक्षसमेत कसुर स्वीकार गरी बयान गरेको देखिँदा वारदातमा पुनरावेदकको संलग्नता सम्बन्धमा विवेचना गर्नुपर्ने नदेखिने।

आत्मरक्षाको अधिकारको दावी गर्दाका बखत वारदातको समयमा शक्तिको प्रयोग अनिवार्य भएको तथ्य दावी गर्ने पक्षले नै स्थापित गर्न सक्नुपर्दछ। त्यस्तो शक्तिको प्रयोग अनिवार्य रहेको तथ्य नै स्थापित नगरी केवल आपराधिक दायित्वबाट बच्ने मनसायले लिएको जिकिरको कानूनीरूपमा पक्षलाई सहयोग गर्न नसक्ने।

प्रतिवादीले आफ्नो साथमा रहेको छुरी जस्तो घातक हतियार प्रहार गरेको देखिँदा यी प्रतिवादी एनस भन्ने प्रकाश राईले लिएको जिकिरमा वैध प्रतिरक्षाको अवस्था देखिन आएन । मिसिल संलग्न कागजातबाट कानूनअनुसार आत्मरक्षाको सुविधा प्राप्त हुनसक्ने निर्धारित अवस्थाको विद्यमानता देखिन नआएको अवस्थामा प्रतिवादी एनस भन्ने प्रकाश राईको वारदातमा रहेको संलग्नता आत्मरक्षाको लागि भएको भनी मान्न मिल्ने नदेखिने।

प्रतिवादीहरू सुनिल श्रेष्ठ र किरण मोक्तान वारदातमा संलग्न रहेको भनी अदालतसमक्ष लेखाई नदिएको अवस्थामा वारदातमा अभियुक्त द्वयको संलग्नता रहेको मान्न सकिएन। स्वतन्त्र सबुद प्रमाणहरूबाट अभियुक्त द्वय विरूद्धको अभियोग दावी पुष्टि भएको नदेखिँदा नेपाल सरकारको पुनरावेदन जिकिरकै आधारमा प्रतिवादीहरू सुनिल श्रेष्ठ र किरण मोक्तानलाई वारदातमा संलग्न रहेको मानी सजाय गर्न मिल्ने नदेखिने।

प्रतिवादी एनस भन्ने प्रकाश राई कसुरमा साबित भै अनुसन्धान र अदालती कारवाहीमा सहयोग पुर्‍याएको, घटना घट्दाको समयमा प्रतिवादीको उमेर, मृतक मिलन गजमेर र प्रतिवादीबीच कुनै पूर्व रिसइबि नरहेको, पटकपटक पैसा मागेको विषयमा विवाद भई घटना घटेको देखिएको तथा मृतकमाथि परेको चोटको प्रकृति जस्ता कारणबाट ऐनअनुसार सजाय गर्दा चर्को पर्ने भनी ५ वर्ष कैद घटाउने गरी अ.बं.१८८ नं. अनुसार पुनरावेदन अदालत, विराटनगरबाट पेस भएको राय मिसिल संलग्न प्रमाण कागजातहरूबाट तथ्यमा आधारित देखिँदा प्रतिवादी एनस भन्ने प्रकाश राईलाई १५ (पन्ध्र) वर्ष कैद गर्ने गरी पेस भएको राय मनासिब भै सदर हुने।

माथि विवेचित आधार र कारणबाट कर्तव्य ज्यानसम्बन्धी कसुरमा संलग्न रहेको भनी प्रतिवादी एनस भन्ने प्रकाश राईलाई ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसुरमा ऐ. महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने र अन्य प्रतिवादी

सुनिल श्रेष्ठ र किरण मोक्तानलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक नेपाल सरकार र प्रतिवादी एनस भन्ने प्रकाश राईको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: चन्द्रप्रकाश तिवारी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल मङ्सिर २४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-०२२२, ०२२३, ०६८-CI-०७६६, अंश दर्ता, *हरिवंश इसरसमेत वि. सुवि इसर राजधोवको मु.स. गर्ने फुलियादेवी इसरसमेत, सोमतीदेवी इसर राजधोवसमेत वि. सुबि इसर राजधोवको मु.स.गर्ने फुलियादेवी इसरसमेत, उर्वसीदेवी इसरसमेत वि. उर्वसीदेवी इसरसमेत वि. मु.स.गर्ने फुलीयादेवी इसरसमेत*

प्रतिवादी सोमनीदेवीको नाउँमा रहेको कि.नं. २१ को जग्गा सोमनीदेवीले मिति २०५०।११।५ मा जगरनाथी माझीबाट बकसपत्रमार्फत प्राप्त गरेको देखिए तापनि सो जग्गा कमलादेवीबाट मिति २०३७।११।२० मा सकलदेव इसरले खरिद गरी सकलदेव इसरबाट मिति २०३९।८।१४ मा जगरनाथी माझीको नाममा राजीनामा गरिएको र सोही जग्गापछि आएर प्रतिवादी सोमनीदेवीलाई बकसपत्र गरिदिएको अवस्था देखिएको हुँदा उक्त कार्य बद्नियतपूर्ण रही अंश छल्ने प्रयोजनले गरिएको भन्ने स्पष्ट देखिएको अवस्था छ । त्यस्तै गरी कि.नं. १२८ को जग्गा अंश मुद्दा परेपछि खरिद भएको देखिएको हुँदा सोबाट अंश लाग्ने स्थिति पनि नदेखिने ।

कि.नं. १२८ को जग्गाबाट बन्डा नलाग्ने तथा कि.नं. २१ को लगायतको जग्गाहरूबाट २ भागमध्ये सुवी इसरको १ भाग वादी दावीबमोजिम बन्डा लाग्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।३।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६८-CI-०११८, राजीनामा लिखत बदर, *रामलखन कुर्मीको मु.स. गर्ने कैलासी कुर्मी वि. रामउग्रह कुर्मीसमेत*

मिति २०६२।२।१० गते राति ९:०० बजे विवादित हतिनी (लक्ष्मीकली) को मृत्यु भएको भन्ने मुचुल्का मिसिल सामेल रहेको तथा हात्तीको मृत्यु फोक्सोको रोगको कारणबाट भएको भन्ने हात्तीको शव परीक्षण प्रतिवेदनसमेत मिसिल सामेल रहेको देखिन्छ । उक्त हतिनी हाल जीवितै रहेको भन्ने प्रमाण पुनरावेदक वादीले

पेस गर्नसमेत सकेको नदेखिँदा हाल उक्त हतिनी जीवित नरहेकाले मान्नुपर्ने देखियो। उक्त हतिनी रू. ८,००,०००।– मा प्रतिवादी रामउग्रह कुर्मीले अर्का प्रतिवादी मचान वाइल्ड लाइफ रिसोर्ट प्रा.लि.लाई बिक्री गरेको कुरामा दुबै पक्षको मुख मिलिरहेको तथा प्रतिवादीमध्येका मचान वाइल्ड लाइफ रिसोर्टले अर्को प्रतिवादी रामउग्रह कुर्मीलाई हतिनी बेचेको रकम भुक्तान गरिसकेको अवस्थामा उक्त रकमसम्म प्रतिवादीमध्येका रामउग्रह कुर्मीबाट वादीले भरिपाउने।

सर्वोच्च अदालतको मिति २०६०।३।९ को फैसलाबमोजिम विवादित हतिनीमा प्रतिवादी रामउग्रह कुर्मीको हकाधिकार नरहेको अवस्थामा सो फैसला हुनुभन्दा अगावै मिति २०५४।८।२० मा निजले प्रतिवादी मचान वाइल्ड लाइफ एण्ड रिसोर्टलाई राजीनामा गरी दिएको देखिएको अवस्थामा सो राजीनामा बदर गर्नु पर्नेमा राजीनामा लिखत बदर नगर्ने गरी कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६४।३।२५ मा भएको फैसला उल्टी भै उक्त मिति २०५४।८।२० को राजीनामा लिखत बदर भै विवादित हतिनीको मृत्यु भैसकेको भन्ने प्रमाणबाट पुष्टि हुन आएकाले हतिनी बिक्री भएको रकम रू. ८,००,०००।– वादीले प्रतिवादी रामउग्रह कुर्मीबाट भराइ पाउने ठहर्ने।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ १५ गते रोज १ शुभम्।

- यसै लगाउको ०६६-CR-००७८, जालसाज, *रामलखन कुर्मीका मु.स. गर्ने कैलासी कुर्मी वि. रामउग्रह कुर्मीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CR-०५५८, जबर्जस्ती करणी, *नेपाल सरकार वि. यादवप्रसाद घिमिरे*

एउटा वयस्क र स्वस्थ महिला अथवा पुरूषलाई उहिसरहको महिला अथवा पुरूष एक्लैले निजको इच्छाविरूद्ध जबर्जस्ती करणी गर्न सक्दैन, पीडितले रोई कराई सङ्घर्ष आदि गरेर प्रतिरोध गर्नुपर्छ पीडित तथा प्रतिवादीको शरीरमा प्रतिरोधको चिन्ह देखिनुपर्छ भनी पीडितको शरीर र उमेर मात्र हेर्ने दृष्टिकोणलाई मान्यता दिँदैन। पीडितको मानसिक अवस्था र परिवेश पनि हेर्नु आवश्यक हुने।

प्रतिवादीले जाहेरवालीलाई जागिरको प्रलोभन देखाई त्यसको लागि तयारी गर्नुछ भनी एउटै कोठामा रात बिताउन बाध्य पारेको एवम् प्रतिवादीसँग विवाह गर्न नमान्दा विवाह गर्नका लागि बाध्य पार्ने हेतुले जबर्जस्ती करणी गरेको भन्ने जाहेरवालीको कथन सो घटनाको लगत्तैपछि निजबाट एसएमएस भएका तत्कालको प्रतिक्रियाहरूबाट समेत प्रमाणित भएको देखिने।

अभियुक्तको कागज गराउने अधिकारीको सामर्थ्य र प्रभावको बारेमा उल्लेख भएको व्यहोराबाट प्रतिवादीले भयरहित, दबावरहित, प्रलोभन, आश्वासन, झुक्यानरहित

वातावरणमा व्यक्त गरेको कुनै कुरा बिनासर्त प्रतिवादी विरूद्ध प्रमाणमा लाग्ने देखिने ।

प्रतिवादीको स्वास्थ्य परीक्षण गर्दा प्रतिवादी भाग्न उम्कन नसकोस् र प्रतिवादीले चिकित्सकलाई आफ्नो पक्षमा प्रतिवेदन दिनको लागि प्रभावित गर्न नसकोस् भन्नका लागि सुरक्षा प्रयोजन हेतु जुनसुकै प्रतिवादी अस्पताल, अदालत जस्तो अन्यत्र ठाउँमा जानुपर्ने भएमा निजका साथमा २।४ जना प्रहरी रहने कुरा स्वाभाविक हुने ।

प्रतिवादीको इच्छाशक्ति नियन्त्रित भएको थियो भन्न मिल्दैन । जनसाधारणको समान्यतया पहुँच नहुने प्रहरी कार्यालयमा हुने प्रतिवादीको बयान र अस्पताल जस्तो सबैको पहुँच हुने सार्वजनिक स्थलमा हुने काम कारवाहीलाई एउटै श्रेणीमा राख्न नमिल्ने ।

प्रतिवादीले आफूसँग यौन सम्बन्ध राख्ने नियोजित इच्छालाई मूर्तरूप दिनको लागि जागिरको प्रलोभन देखाई पोखरा लगेको, परीक्षामा तयारी गर्नको लागि कोठामा सँगै बस्नुपर्छ भनेर जाहेरवालीलाई झुक्याई कोठामा सँगै बसी तत्पश्चात जबर्जस्ती करणी गरेको भन्नेसमेतको जाहेरवालीका कथन स्वाभाविक र सत्य रहेको मान्न पर्ने ।

पीडितबाट कसरी असहमति व्यक्त हुनुपर्छ, पीडितको असहमति आम समुदायले बुझ्ने गरी नै व्यक्त हुनुपर्छ भन्न मिल्दैन । सोच्दै नसोचेको घटना सबैले एकै हिसाबले सुझबुझका साथ यस्तै प्रतिक्रिया व्यक्त गर्नुपर्छ भन्न मिल्दैन । पीडितबाट अनजान ठाउँमा आफू एक्लै र असुरक्षित अवस्थामा रातिमा भएको यो वारदातमा भएको त्यो हदसम्मको प्रतिक्रिया स्वाभाविक हुने ।

पीडितले स्वतन्त्रतापूर्वक नै विरोध नगरेकी कुनै जिकिर प्रतिवादीबाट आउन सकेको छैन । यस्तो अवस्थामा करणी भएको ठहर्नासाथ सो करणी स्वत: जबर्जस्ती करणी भएको देखिन्छ । त्यसमाथि सहमतिका माथि उल्लिखित साँघुरा दायरा र चिकित्सकको किटानी बकपत्रसमेतको प्रमाणले प्रतिवादी विरूद्धको अभियोग दावी ठोस र शङ्कारहित प्रमाणबाटै पुगेको मानिने ।

अभियोग दावीबाट प्रतिवादीलाई सफाइ दिएको पुनरावेदन अदालत, पोखराको मिति २०६६।६।२९ गतेको फैसला उल्टी भै सुरू कास्की जिल्ला अदालतले प्रतिवादी यादवप्रसाद घिमिरे विरूद्धको अभियोग दावी पुग्ने ठहऱ्याएको फैसला सदर हुने ।

सजायको हकमा प्रतिवादीलाई कसुरको अनुपातमा कैद वर्ष ५ गर्नु उपयुक्त हुने देखिँदा कैद वर्ष ६ गरेको सुरू फैसलासम्म निमलेकाले सो हदसम्मको सुरू फैसला केही उल्टी भै प्रतिवादी यादवप्रसाद घिमिरेलाई कैद वर्ष ५ हुन्छ । सो बाहेक प्रतिवादीबाट पीडित जाहेरवाली मायालाई ऐ. १० नं. तथा १०ग नं. बमोजिम १ लाख ५० हजार क्षतिपूर्ति भराई दिएको समेतको सुरू कास्की जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जवाहरप्रसाद सिंह

इति संवत् २०७१ साल पुस ३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-०५९४, भोग बन्धकी मोही लगत कट्टा, *प्रियङ्का जयसवाल वि. रामजी चौधरी*

कानूनको रीत नपुगेको अथवा कानूनबमोजिम नभएको लिखतहरूको हकमा कानूनको एउटै परिणामको व्यवस्था गरेको हुँदैन। त्यसको प्रकृति, गम्भीरता र त्रुटि आदिको विचार गरी त्यस्ता कार्यहरूमध्ये केही बिल्कुलै शुन्य वा स्वतः अमान्य हुन्छन् भने केहीको हकमा उचित समयभित्र उजुर परेमा मात्र विचार हुने र त्यस्तो कामकारवाही बदर हुनसक्ने अवस्था रहन्छ । कतिपय कामकारवाहीमा सानोतिनो अनियमितता वा कुनै भूलचुक छुट भए पनि त्यस्तो कामकारवाही अमान्य नै नगरी रीत पुर्‍याएमा मान्य हुने भन्ने पनि कानूनको मनसाय रहन्छ भने कतिपय छुटपुट र अनियमिततालाई कानूनले कुनै मतलब नै नराखी त्यसलाई बेवास्ता गरिदिएको हुन्छ । यसमा लामो समयदेखि मोहीको हैसियतले जग्गा कमाएको कुरालाई वादीका दाताहरूले स्वीकार गरी उल्लिखित सोधभर्नाको कुरालाई विवादमा नल्याएको अवस्थामा दाताबाट हक पाउने वादीले समाधान भैसकेको उक्त कुरालाई धेरै कालपछि उठाउनु न्यायको हिसाबले समेत मनासिब नहुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७१ साल कात्तिक २१ गते रोज ६ शुभम्।

- यसै लगाउको ०६८-CI-०५९३, मोही नामसारी, *प्रियङ्का जयसवाल वि. देवदीप चौधरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-०५१६, अंश चलन, *ताराकुमार मोहतेसमेत वि. कर्णबहादुर मोहतेसमेत*

संयुक्त दर्ताका जग्गा सम्बन्धमा सबै जग्गाधनीका बराबर हक पाउने व्यवस्था भएको र हकवालाले जहिलेसुकै दाखिल खारिज गराउन पाउने नै देखिन्छ भने निजको मृत्युपश्चात पनि निजका हकवालाले पनि जहिलेसुकै आवश्यकताअनुसारको दस्तुर तिरी दाखिल दर्ता गराउन दरखास्त दिई आफ्नो नाउँमा नामसारी दाखिल गराउन सक्ने स्पष्ट व्यवस्था भैरहेको हुनाले वादीका पति पिता जगतबहादुर र प्रतिवादीहरू कर्णबहादुर र डम्बरबहादुरका संयुक्त दर्ताका कि.नं. १०८ र २३२ जग्गाबाट वादी पति पिता जगबहादुरको भागमा जग्गामा निजका हकवालाले कानूनबमोजिम दाखिल गराई लिन स्पष्ट कानूनी व्यवस्था भएको हुँदा त्यसतर्फ विचार गरिहरनु नपर्ने।

वादीका पिता जगबहादुरले मिसिल संलग्न प्रमाणित प्रतिलिपिबाट मिति २०२९।१२।२१ को घरायसी राजीनामाको लिखतमा आफू बाबुबाट अंश लिई छुट्टि भिन्न

बसेको भनी उल्लेख भएको लिखत, मिति २०३०।२।२ मा करकाप मुद्दामा पोली साबुद गर्न सक्तिन भनी दिइएको निवेदन र कि.नं. ५-१०७ को जग्गा मिति २०३०।१२।२३ मा राजीनामा गरेको लिखतमा २०२८ सालको सर्वे नापीमा मेरो नाम दर्ताको जग्गा भएको भन्ने आधार प्रमाण र व्यवहारसमेतबाट वादीका पति पिताले आफ्नो अंश भाग लिई छुट्टि भिन्न बसेको अवस्था देखिन आएबाट वादीहरूले प्रतिवादीहरूबाट ३ भागको १ भाग अंश पाउने ठहऱ्याएको इलाम जिल्ला अदालतको मिति २०६९।१।५ को फैसला मिलेको नदेखिँदा उल्टी भै वादी दावी पुग्न नसक्ने ठहऱ्याई भएको पुनरावेदन अदालत, इलामको मिति २०७०।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: देवीकुमारी चौधरी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल फागुन ६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-१०९६, अंश चलन, *बिबि खैरूल मियाइनीसमेत वि. मैमुल मियाइनीसमेत*

मुद्दाका लागि आधारभूत प्रमाण सङ्कलन गर्ने र तिनको परिक्षण गर्ने कार्य सम्पन्न भइसकेको अवस्थामा केवल प्रमाणको मूल्याङ्कन गर्नसम्म बाँकी रहेको अवस्थामा तल्लो अदालतको अधिकारक्षेत्र माथिल्लो अदालतले ग्रहण गर्नु न्यायोचित हुन्छ। कारण प्रमाण परीक्षणको क्रममा दुबै पक्षको निवेदन दिएर होस् वा सद्दे किर्तेमा आफ्नो धारणा राखेर होस् वा नक्सामा कैफियत लेखाएर होस् आ-आफ्नो सहभागिता जनाएको हुन्छ। तर, सुरू अदालतको आधारभूत चरित्रका रूपमा रहेको प्रमाण सङ्कलन कार्य नै नभएको अवस्थामा न्यायिक, भौगोलिक र पक्षहरूको सुविधासमेतका दृष्टिकोणबाट यी कार्य सुरू अदालतबाटै सम्पन्न हुनुपर्दछ। तसर्थ, प्रस्तुत मुद्दाको कारवाही सुरू अदालतबाटै हुन उपयुक्त भएबाट प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सुरू सुनसरी जिल्ला अदालतको मिति २०६८।९।२६ मा वादीले अंश नपाउने ठहऱ्याई गरेको फैसलालाई उल्टी गरी प्रमाण बुझी पुन: कारवाही र किनारा गर्न सुरू जिल्ला अदालतमा पठाउने गरी पुनरावेदन अदालत, विराटनगरले मिति २०७०।८।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: देवीकुमारी चौधरी

इति संवत् २०७१ साल फागुन ६ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-१०९७, बकसपत्र लिखत दर्ता बदर दर्ता कायम, साहिन प्रविनसमेत *वि. मैमुल मियाइनीसमेत*
- ०७०-CR-१४२६, जालसाजी, *सहिन प्रविनसमेत वि. मैमुल मियाइनीसमेत*

## एकल इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-WO-०४२३, उत्प्रेषण/परमादेश, *रामानन्द यादव वि. कृषि विकास मन्त्रालयसमेत*

रिट निवेदकले जुनोसिस नियन्त्रण आयोजनाले प्राविधिक कारण देखाई ठेक्का रद्द गरेको मिति २०७०।८।२८ मा गोरखापत्रमा प्रकाशित सूचना बदर गर्न यस अदालतमा रिट निवेदन दर्ता गर्नुभन्दा पहिले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७, ४८ र ४९ ले तोकेको खरिद कारवाही वा निर्णयको पुनरावलोकन गर्न पाउने कानूनद्वारा निर्धारित कार्यविधिको अवलम्बन गरी कानूनी उपचार माग्न सम्बन्धित प्रमुख र पुनरावलोकन समितिसमक्ष निवेदन दिएको मिसिलबाट देखिन आउँदैन । कुनै प्रचलित कानूनमा उपचारको प्रवन्ध गरिएको अवस्थामा उपचारको सो प्रक्रिया अवलम्बन नगरी वा सो उपचारको उपाय यो यस कारणले प्रभावकारी नभएको भन्ने केही उल्लेख नगरी निवेदक असाधारण अधिकार क्षेत्र गुहार्न यस अदालतमा प्रवेश गरेको देखिन आउने।

निवेदकले गोरखापत्रमा प्रकाशित सूचना खारेज गरिपाउँ भनी जुनोसिस नियन्त्रण आयोजनामा मिति २०७०।८।३० मा निवेदन गरेकोमा जुनोसिस नियन्त्रण आयोजना प्रमुखले उक्त निवेदनमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(६) बमोजिम कारण खोली लिखित निर्णय गर्न बाँकी नै रहेको देखिएको एकातिर छ भने उक्त निर्णयमा चित्त नबुझेमा सो निर्णयउपर पुनरावलोकन समितिसमक्ष दफा ४९ बमोजिम पुनरावलोकन गर्न पाउने कानूनी व्यवस्थासमेत हुँदाहुँदै वैकल्पिक कानूनी उपचारको मार्ग बाँकी नै रहेको अवस्थामा रिट निवेदनको सहारा लिई उपचारको माग खोजी गर्न आएको कुरा प्रथम दृष्टिमा नै नेपालको अन्तरिम संविधानको धारा १०७(२) अनुकूल रहेको नदेखिँदा निवेदनको मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था विद्यमान रहेको भन्ने प्रथम दृष्टिमा नै नेपालको अन्तरिम संविधानको धारा १०७(२) अनुकूल रहेको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था विद्यमान रहेको भन्ने प्रथम दृष्टिमा नै नदेखिएकाले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७० साल पुस ११ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०५०८, उत्प्रेषण/परमादेश, *इन्द्रसेन अग्रवालसमेत वि. कृष्णप्रसाद शर्मासमेत*

न्यायको मान्य सिद्धान्तमध्ये निर्णय अन्तिमताको सिद्धान्त (Doctrine of finality Judgement) को आधारमा समेत कुनै पनि मुद्दामा भएको अन्तिम निर्णय नै त्यसको टुङ्गो हो। एक पटक टुङ्गो लागिसकेको विषयको मुद्दा

पुनरावेदन, पुनरावलोकन र दोहोर्‍याई हेर्ने निस्सा भएको अवस्थामा बाहेक पुन: परीक्षणको विषय हुन नसक्ने ।

फैसला कार्यान्वयनको सिलसिलामा बिगो भराउने गरी आदेश भएको देखिएको र सोही फैसला कार्यान्वयनको विषयमा प्रत्यक्ष गम्भीर त्रुटि नदेखिँदा प्रचलित कानूनबमोजिम अदालतको अन्तिम निर्णय भएपछि फैसला कार्यान्वयन गरेको कार्यउपर बदर गरिपाउँ भनी रिट निवेदन दिने कार्य न्यायोचित नहुने ।

अन्तिमरूपमा मुद्दाको टुङ्गो लागी फैसलाबमोजिम फैसला कार्यान्वयन भएको विषयलाई लिएर निवेदकले रिट क्षेत्रबाट उपचार माग गरे पनि फैसला कार्यान्वयनको विषयमा भएको कारवाहीमा प्रत्यक्षत: गम्भीर त्रुटि भएको देखिँदैन । तसर्थ रिट निवेदकको रिटका आधारमा विपक्षीतर्फबाट लिखित जवाफ मगाइरहनुपर्ने देखिन आएन । लिखित जवाफ माग गर्नु नपर्ने अवस्थामा रिटको दावीमा विचार गरिरहनु परेन, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विनोद रखाल

कम्प्युटर: बिक्रम प्रधान

इति संवत् २०७१ साल पुस २८ गते रोज २ शुभम् ।

## पूर्ण इजालसमा पेस हुने

०६६-WO-०८१४, उत्प्रेषण/परमादेश, *बृहस्पति विद्यासदन उच्च माध्यमिक विद्यालयको तर्फबाट पुरूषोत्तमराज जोशी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

**मा.न्या.श्री दीपकराज जोशीको राय :**

नेपाल बाल सङ्गठनको आफ्नो स्वामित्वअन्तर्गतको सम्पत्ति स्याहार सम्भार तथा व्यवस्थापन उचितरूपमा गर्ने दायित्व भएको संस्थाले आफ्नो दायित्व निर्वाह गर्न नसकेमा वा अनुचित वा बद्नियतपूर्वक प्रयोग वा परिचालन गर्न दिएमा मात्र त्यहाँको पदाधिकारी कानूनबमोजिम जवाफदेही हुनुपर्ने हुन्छ । तर मिति २०५९।५।११ को सम्झौताअनुसार बृहस्पति विद्या सदनले १५ वर्षभित्र रू. ५ करोड भन्दा बढी लगानी गरी ३० वर्षभित्र सो भवनहरू नेपाल बाल सङ्गठनलाई नै हस्तान्तरण गर्नुपर्ने अवस्था रहेको देखिँदा मिति २०५९।५।११ को सम्झौतामा कुनै बद्नियत र अनुचित कार्य भए गरेको नदेखिएको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको २०६६।११।३ को पत्रको आधारमा मिति २०६६।५।१७ र २०६६।५।१९ को निर्णय कानूनसम्मत नहुँदा उत्प्रेषणको आदेशबाट बदर हुने ।

नेपाल बाल सङ्गठन र बृहस्पति विद्या सदनबीचमा २०५९।५।११ मा १३-१२-१-० रोपनी जग्गामा भवन निर्माण गरी बृहस्पति विद्या सदन उच्च माध्यमिक विद्यालयलाई कार्य सञ्चालन गर्न दिनु भनी परमादेशको आदेश जारी हुने ।

**मा.न्या.श्री गोविन्दकुमार उपाध्यायको राय:**

निवेदक विद्यासदनले बहाल बृद्धि गरी करारलाई दुबै पक्षको हितअनुकूल बनाउने काम नगरेको त्यसबाट विपक्षी बाल सङ्गठनलाई

नोक्सान पर्नेसमेतको कारण देखाई विपक्षी बाल सङ्गठनले करार भङ्ग गर्दा विपक्षी अख्तियार दुरूपयोगको निर्देशनलाई समेत उल्लेख गरेको देखिन्छ । उक्त कार्य करार ऐन, २०५६ को परिधिभित्रैको कार्य देखिन्छ । विपक्षी आयोगको निर्देशनको लगत्तैपछि कुनै कुराको विचार नगरी करार भङ्ग भएको भएमा समेत दुई व्यक्तिले गरेको करार जस्तो private law को विषयमा रिट आदेश जारी हुने कुरा सिद्धान्तसम्मत् हुँदैन । तर विपक्षी बाल सङ्गठनले त्यसप्रकार करार भङ्ग नगरी २०६६।७।२७ मा भाडा वृद्धि गर्न सकिने नसकिनेबारे निवेदकसँग परामर्श गरेको र विद्यालयले २०६६।८।७ गतेको पत्रबाट सो प्रस्ताव अस्वीकार गरेको, त्यसपछि पनि सो सम्बन्धमा विपक्षीसँग बैठक बस्दासमेत भाडा बढाउने कुरा अस्वीकार गरेको, त्यसपछि मात्र २०५९।५।११ को सम्झौता भङ्ग गर्ने कारवाही अगाडि बढाउने सम्बन्धमा निर्णय गरी २०६६।९।३० देखि लागू हुने गरी सम्झौता भङ्ग गरेको देखिँदा प्रस्तुत कार्य परिणामको हिसाबले समेत गैरकानूनी र अन्यायपूर्ण रहेको नदेखिने ।

नयाँ करार गर्नको लागि पुन: सूचना प्रकाशित गर्दा ४ जनाले दर्खास्त दिएकोमा तरूणको प्रस्ताव स्वीकृत भै प्रतिमहिना रू. ४ लाख ४० हजार ९७६ समेत बुझउनुपर्ने सर्तमा २०६६।१०।१३ मा लिज सम्झौता भै उक्त लिखत २०६६।१२।३ मा पारित भएको सो करार भङ्ग गर्ने कार्य भै नयाँ करार भैसकेको र यो विषय साधारण कानूनद्वारा निरोपित हुने विषय भएकाले आयोगको निर्णय बदर गरिपाउँ भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

करार ऐन, २०५६ को दफा ८६ को उपदफा (२) को खण्ड (क) मा करार उल्लङ्घनबापतको क्षतिपूर्ति नगद नै पर्याप्त हुने भएमा भनी उल्लेख भएबमोजिम आफूउपर भएको अन्यायको क्षतिपूर्ति हुन नसक्ने भनी निवेदकले स्पष्ट प्रमाणित नगरेसम्म भङ्ग भैसकेको करारलाई रिटबाट पुनर्स्थापना गर्न मिल्ने नदेखिने ।

रिटले करार भङ्ग गरेको मिले नमिलेको, क्षतिपूर्ति पाउने नपाउने, पाउने भए कसले कोबाट कति पाउने आदि कुराको निरूपण गरेमा निवेदकले नै बहसको क्रममा उल्लेख गर्नुभएको सार्वजनिक ऐन नियमका प्रावधान त निरर्थक हुने नै छन् । न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र करार ऐन, २०५६ को दफा ८६ र ८७ अन्तर्गतको सुरू र पुनरावेदन अदालतको अधिकारक्षेत्रमा पनि हस्तक्षेप हुन पुग्नेछ । यसर्थ उपरोक्त प्रतिपादित कानूनी सिद्धान्त तथा कानूनका आधारमा निवेदकको संवैधानिक हकमा आघात परेको नदेखिँदा निवेदकको रिट निवेदन खारेज हुने । माननीय न्यायाधीश श्री दीपकराज जोशीले प्रस्तुत रिट निवेदन जारी गर्नु भएकाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१) (ग) अनुसार पूर्ण इजलासमा पेस गर्ने ।

इजलास अधिकृत: जवाहरप्रसाद सिंह

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल भदौ १८ गते रोज ४ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७१-WO-०७९०, उत्प्रेषण, *पुरूषोत्तम लाल सङ्घाई वि. जिल्ला विकास समितिको कार्यालय, दाङसमेत*

सिमेन्ट उद्योगबाट उत्पादित क्लिङ्करमा कर लाग्ने सम्बन्धमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७ सँग सम्बन्धित अनुसूची २३ मा उल्लेख भएको नपाइएको, यस अदालतबाट रिट नं. २०६९-WO-०९६३ को यस्तै विवाद रहेको विषयमा अन्तरिम आदेश जारी भएको समेत देखिँदा निवेदक सिमेन्ट उद्योगबाट उत्पादित क्लिङ्करमा तत्काल कर लगाउँदा सुविधा र सन्तुलनका दृष्टिले निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने अवस्था विद्यमान रहेकाले निवेदकले उत्पादन गरेको क्लिङ्करको लगतसम्म राखी पछि ठहरेबमोजिम हुने गरी हाललाई कुनै कर लिने वा असूल गर्ने कार्य नगर्नु नगराउनु भनी विपक्षीका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल चैत २५ गते रोज ४ शुभम् ।

## रीत/बेरीत आदेश

**मा.न्या.श्री गोपाल पराजुली,** ०७१-AP-०३०१, निषेधाज्ञा, *सीताराम तिमिल्सिना वि. किरण जोशीसमेत*

लेनदेनको दायित्वको विषयमा अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोग नगर्ने र जनता बैङ्क नेपाल लि. तथा नेपाल स्टक एक्सचेन्जलाई विपक्षी बनाई यी दुबै विपक्षीसमक्ष निवेदकले आफ्नो लिखतले खामेको रकम जतिको शेयर अन्यत्र हस्तान्तरण गर्न रोकी पाउन निवेदन दिएको भए सो निवेदनमा उपयुक्त निकासा दुबै विपक्षीहरूले गराउनु नै पर्ने देखिँदा पुनरावेदन अदालत, पाटनमा मुद्दा विचाराधीन रहेकै अवस्थामा त्यस्तो शेयर हस्तान्तरण हुन नसक्ने हुँदा कैफियत प्रतिवेदन माग गर्नु नपर्ने ।

इति संवत् २०७१ साल चैत ५ गते रोज ५ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति